का.जि.प्र.का.द.नं. १००/०५९/६०
२० भदौ २०८३
शनिबार
5 September 2026
Saturday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ई-पेपर हेर्न

वर्ष २४, अंक २२६ । पृष्ठ ६ | Madhyanha National Daily | www.madhyanhadaily.com

# १० दिनपछि फर्कियो खुसी

पश्चिम भोटेकोशीको विनाशकारी बाढीमा परेर जनविद्युत् आयोजनाको सुरुङमै हराएका थिए, सञ्जय साह र कविर महर्जन । परिवारले आशा मारिसकेको थियो । तर, उद्धारकर्मीको दिनरातको प्रयत्नले शुक्रबार दुवैको त्रिशूली-३ 'ए'को सुरुङबाट जीवितै उद्धार गरियो । यसले परिवारमा फेरि खुसी मात्र फर्काएन, नेपाली उद्धारकर्मीप्रति भरोसासमेत बढाएको छ ।



**सपना बोहरा/मध्यान्ह**
काठमाडौं, १९ भदौ

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका-४का ३१ वर्षीय सञ्जयकुमार साहको परिवारले १० दिनदेखि एउटै खबरको प्रतीक्षा गरिरहेको थियो । त्यो खबर उनीहरूले शुक्रबार बिहानै पाए । बाढीबाट पुरिएको सुरुङभित्रबाट साहलाई उद्धारकर्मीले सकुशल बाहिर निकाले ।

बितेको साता उनको परिवारले रोएरै बितायो । आफन्त, नातेदार, छरछिमेक सबैको एउटै चिन्ता थियो, 'सञ्जय कहाँ छन् ?'

भदौ १० गते बिहान ७:४५ बजे परिवारसँग उनको कुराकानी भएको थियो । त्यसपछि फोन लागेन । दिउँसो परिवारले सामाजिक सञ्जाल र समाचारबाट रसुवामा बाढी आएको थाहा पायो । त्रिशूली-३ 'ए' जलविद्युत् आयोजनाको सुरुङमा कामदार फसेको खबर पनि सँगै आयो ।

सञ्जय पनि त्यही आयोजनामा कार्यरत थिए । त्यसपछि परिवारमा चिन्ता सुरु भयो । दिन बित्दै गए । उद्धार टोली सुरुङभित्र पस्न सकेन । नेपाली सेनाले पनि सुरुङभित्र पस्न कठिन रहेको जनाएको थियो । तत्काल उद्धारका लागि संसारमै प्रविधि नभएको प्रधानमन्त्री बालेन्द्र शाहको अभिव्यक्तिले परिवारको आशा झनै कमजोर बन्यो ।

आमा कपुरदेवी र श्रीमती लक्ष्मी साह रुँदारुँदै थाकेका थिए । १० दिनसम्म सञ्जयको कुनै खबर आएन । तर, शुक्रबार आएको खबरले परिवारमा खुसी छायो । किनभने, जुन चमत्कारको प्रतीक्षामा उनीहरू थिए, उद्धारकर्मीले त्यो चमत्कार देखाएका थिए । अर्थात्, सञ्जय जीवितै भेटिए ।

नेपाल विद्युत् प्राधिकरणका चौथो तहका कर्मचारी सञ्जय आयोजनाको कन्ट्रोल रुम अपरेटर थिए । बाढी आएको दिन आयोजनामा सामान्यभन्दा धेरै (करिब ४०-४५) जना कर्मचारी थिए । ड्याममा ठुलो दुर्घटना भएको जानकारी पाएपछि सञ्जयले सबैलाई बाहिर जान भने । सबैलाई सुरक्षित रूपमा बाहिर पठाउने क्रममा उनको समय बित्यो । >>> पृष्ठ २ मा

## २५ मिटर खनेपछि भेटिएको थियो सुरुङ

रसुवाको भोटेकोशीमा आएको बाढीपछि त्रिशूली थ्री 'ए' जलविद्युत् आयोजनाको सुरुङमा फसेकाहरूको उद्धार सहज थिएन । बाढीले सुरुङको प्रवेशद्वार माटो, ढुंगा र लेदोले पुरेको थियो । करिब २५ मिटर गहिरोसम्म गेग्रान थुप्रिएको थियो ।

त्यही गेग्रान छिचोल्नु उद्धार टोलीको पहिलो चुनौती थियो । नेपाली सेना र सशस्त्र प्रहरीसहितको टोलीले उत्खनन सुरु गर्‍यो । बाटो खोल्न विस्फोटक पदार्थसमेत प्रयोग गरियो । चरणबद्ध रूपमा गेग्रान हटाउँदै टोली सुरुङको प्रवेश विन्दुसम्म पुग्यो । तर, चुनौती त्यतिमै सकिएन ।

सुरुङभित्र पानी जमेको थियो । उद्धारकर्मीले पानी हटाए । सुरुङको बाटो साँघुरो थियो । उभिएर अघि बढ्नसक्ने अवस्था थिएन । उद्धारकर्मीहरू खोस्रिँदै अघि बढे । भित्र मानिसहरू जीवित छन् कि छैनन् भन्ने संकेत खोज्दै टोली अघि बढिरहेको थियो । करिब ५०-६० मिटर वरिपरि पुगेपछि भित्रबाट आवाजको संकेत आयो । त्यो आवाजले उद्धार टोलीमा नयाँ आशा जगायो । उद्धारकर्मीले आफूहरू आएको जानकारी गराए । भित्र रहेकालाई नआत्तिन भने । त्यसपछि केही समयको प्रयासपछि सञ्जयकुमार साहलाई जीवितै >>> पृष्ठ २ मा

# अब पुनर्वासको चिन्ता

स्थानीय सरकारले बस्ती स्थानान्तरणका लागि जग्गाको प्रबन्ध गरेपछि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले बनाएको मापदण्डअनुसार स्थायी पुनर्वासको प्रक्रिया अघि बढ्ने सरकारी अधिकारीहरू बताउँछन् ।



हामी अझै उद्धारकार्यमै छौं, सँगै वडागत रूपमा विस्थापितको वास्तविक तथ्यांक एकीकृत गर्दै छौं । यकिन तथ्यांक आइसकेपछि पहिला अस्थायी त्यसपछि स्थायी पुनर्वासको चरणमा जान्छौं ।

**■ शम्भुप्रसाद रेग्मी**
**प्रजिअ, नुवाकोट**



स्थायी व्यवस्थापनका लागि राज्यले दीर्घकालीन पोलिसी ल्याउला, त्यसपछि मात्रै अघि बढ्ने हो । स्थानीय सरकारले जग्गाको व्यवस्था गरेपछि थप प्रक्रिया अघि बढ्छ ।

**■ लक्ष्मी पाण्डेय (गौतम)**
**प्रजिअ, धादिङ**



विस्थापित परिवारको पुनर्स्थापनाका लागि बस्न योग्य घरहरूमा सरसफाइ गरेर बसाउने र नभएकाहरूका लागि तत्काल बासस्थानको प्रबन्ध गर्नुपर्नेछ ।

**■ दीपककुमार कार्की**
**वडाध्यक्ष, गल्छी-६**



**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, १९ भदौ

भोटेकोशी बाढीबाट विस्थापितहरूलाई खोज, उद्धार र राहतपश्चात् पुनर्वासको समस्या देखिएको छ । पाँच जिल्लाका १५ स्थानीय तहको नदीतटीय क्षेत्रका बासिन्दा पूर्ण रूपमा विस्थापित भएका छन् । ती क्षेत्रबाट जीवित उद्धार गरिएका नागरिकलाई तत्काल अस्थायी पुनर्वाससँगै दीर्घकालीन स्थायी आवासको व्यवस्था गर्नुपर्ने चुनौती सरकारलाई छ ।

रसुवा, नुवाकोट, धादिङ, गोरखा, तनहुँका नदीतटीय क्षेत्रको बस्ती बाढीले पुरेको छ । रसुवाको गोसाइँकुण्ड, कालिका, आमाछोदिङ्मो र उत्तरगया गाउँपालिकको कोशीतटीय क्षेत्र पूर्ण विस्थापित बनाएको छ । त्यस्तै, नुवाकोटको विदुर नगरपालिका, बेलकोटगढी गाउँपालिका, किस्पाङ र तारकेश्वर गाउँपालिका प्रत्यक्ष प्रभावित भएका छन् भने धादिङ जिल्लाको गल्छी, गजुरी, बेनिघाट रोराङ र सिद्धलेक गाउँपालिका प्रत्यक्ष प्रभावित सूचीमा छन् । गोरखाको गण्डकी गाउँपालिका, तनहुँको देवघाट र आबुखैरेनी गाउँपालिकासमेत बाढीबाट क्षतिग्रस्त भूगोल हुन् भने चितवन र नवलपरासीका केही भूगोलसमेत प्रभावित क्षेत्र हुन् । ठुलो मानवीय तथा भौतिक क्षतिसँगै लाखौं रोपनी कृषियोग्य जमिन नष्ट भएको स्थानीय जनप्रतिनिधिले बताएका छन् ।

नेपाल सरकारको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण (नेपाल)का अनुसार बाढीबाट सात हजार ५७० घर क्षति भएको प्रारम्भिक आकलन छ । अहिले सरकारले ४ हजार ५२१ जनालाई होल्डिङ सेन्टरमा राखेको छ । प्राधिकरका अनुसार नुवाकोटमा ३ हजार १८१, रसुवामा १ हजार १४१ र धादिङमा १९९ जान होल्डिङ सेन्टरमा छन् । तीमध्ये केही बाहिर जिल्लाका नागरिक हुन् भने अधिकांश स्थानीय रहेको सम्बन्धित जिल्ला प्रशासन कार्यालयले जनाएका छन् । नेपाल प्रहरीले यस क्षेत्रका २५ हजारभन्दा बढी नागरिक प्रत्यक्ष प्रभावित रहेको दाबी गरेको छ ।

स्थानीय सरकार र संघीय सरकारका प्रतिनिधि प्रमुख जिल्ला अधिकारी आवश्यक समन्वयमा पीडित तथा विस्थापित परिवारलाई तत्काल राहत र अस्थायी व्यवस्थापनमा जुटेको बताउँछन् । राहतपछिको अस्थायी बासको व्यवस्थापन पहिलो प्राथमिकतामा रहेको स्थानीय जनप्रतिनिधिको भनाइ छ । धादिङको गल्छी गाउँपालिका वडा नम्बर ६ का वडा अध्यक्ष दीपककुमार कार्कीले पहिलो चरणमा राहतसँगै अस्थायी बासको व्यवस्थापमा ध्यान केन्द्रित भएको बताए । 'हामीलाई अहिले राहत पर्याप्त भइसकेको छ,' उनले मध्यान्हसँग भने, 'विस्थापित परिवारको पुनर्स्थापनाका लागि बस्न योग्य >>> पृष्ठ २ मा

**फुटबलर भरत खवास मेजरमा बढुवा**

## उद्धारमै रहँदा पाए दर्ज्यानी



**काठमाडौं/मस–** नेपाली राष्ट्रिय फुटबल टोलीका स्ट्राइकर भरत खवास नेपाली सेनाको मेजर (सेनानी) पदमा बढुवा भएका छन् । उनलाई सह-सेनानी (क्याप्टेन)बाट नियमित प्रक्रियाअनुसार मेजरमा पदोन्नति गरिएको हो । हाल त्रिभुवन आर्मी क्लबबाट व्यावसायिक फुटबल खेल्दै आएका खवास पछिल्लो समय भदौ १० गते आएको विनाशकारी बाढीपछि नुवाकोटको त्रिशूली क्षेत्रमा उद्धार तथा राहत कार्यमा सक्रिय रूपमा खटिइरहेका छन् ।

उद्धारमा खटिएकै क्रममा उनलाई नेपाली सेनाको ब्यारेकमा मेजर पदको दर्ज्यानी चिह्न प्रदान गरिएको हो । खवासलाई ब्रिगेडियर जनरल अनुपविक्रम राणाले दर्ज्यानी चिह्न प्रदान गरेका थिए । खेलकुदसँगै सैनिक सेवामा समेत सक्रिय उनी विगत ४ दिनदेखि त्रिशूली क्षेत्रमा उद्धारका लागि अग्रपंक्तिमा खटिँदै आएका छन् । विपद्का बेला उद्धारमा सक्रिय रहेकै बेला बढुवा भएर नयाँ जिम्मेवारी पाउँदा आफूलाई निकै खुसी लागेको खवासले बताएका छन् ।

खवास यसअघि २०७९ साउनमा सह-सेनानी पदमा बढुवा भएका थिए । एन्फा एकेडेमीबाट उत्पादन भएका ३४ वर्षीय खवासले विभिन्न उमेर समूह हुँदै नेपाली राष्ट्रिय टोलीको सिनियर टिमसम्म प्रतिनिधित्व गर्दै अन्तर्राष्ट्रिय प्रतियोगितामा उल्लेखनीय प्रदर्शन गरेका छन् । उनले फिफा विश्वकप छनोट, एएफसी प्रतियोगिता, साफ च्याम्पियनसिपलगायत विभिन्न अन्तर्राष्ट्रिय खेलमा नेपालको प्रतिनिधित्व गरिसकेका छन् ।

**वैदेशिक रोजगार विशेष**

# बाढीपीडितलाई सहयोग गर्न विदेशमा रहेका नेपाली सक्रिय

**मध्यान्ह संवाददाता**
काठमाडौं, १९ भदौ

भोटेकोशीमा आएको बाढीका कारण विस्थापितहरूलाई राहतका लागि वैदेशिक रोजगारमा रहेका नेपालीहरूले सक्रियता बढाएका छन् । राहत सञ्चालनका लागि बैंक खाता सञ्चालन र स्थानीय अनुमति लिएपछि नेपालीहरूले मातृभूमिको सहायताका लागि तीव्रताका साथ अभियान अघि बढाएका छन् ।

साउदी अरेबियाको रियादस्थित नेपाली दूतावासले शुक्रबार भोटेकोशी बाढीप्रभावितहरूको सहयोगका लागि नेपाली नियोगको बैंक खातामार्फत आर्थिक सहयोग गर्न सकिने व्यवस्था गरिएको बताएको छ । नेपाली दूतावास साउदीले रकम जम्मा गर्दा सम्भव भएसम्म उद्देश्य वा रेफरेन्समा प्रधानमन्त्री दैवी प्रकोप राहत कोष उल्लेख गरी रकम जम्मा गरेको रसिदको प्रतिलिपि दूतावासको मेलमा पठाइदिनसमेत आग्रह गरेको छ ।

उता, नेपालमा आएको विनाशकारी बाढीबाट प्रभावित परिवारको राहत, उद्धार तथा पुनर्स्थापनाका लागि एनआरएनए एनसिसी कतारले अघि बढाएको अभियानमा ऐक्यबद्धता जनाउँदै भिक्टोरिया ज्वेलर्स एन्ड डायमन्डले १० लाख रुपैयाँ सहयोग गरेको छ । सहयोगसँगै संस्थाले बाढीबाट प्रभावित १० जना युवायुवतीलाई >>> पृष्ठ २ मा

## मलेसियाको उद्धार टोली आज नेपाल आउने

काठमाडौं/मस- नेपालमा हालै आएको विनाशकारी बाढीपछि उद्धार कार्यमा सहयोग गर्न मलेसियाको विशेष विपद् व्यवस्थापन तथा उद्धार टोली आज शनिबार नेपाल आउने भएको छ ।

नेपालमा भोटेकोशी बाढीप्रभावित क्षेत्रमा ५५ जनाभन्दा बढी मलेसियाली नागरिक सम्पर्कविहीन अवस्थामा छन् । >>> पृष्ठ २ मा

# केपी–गगन बाढी प्रभावित क्षेत्रमा

**काठमाडौं/मस–** नेपाल कम्युनिस्ट पार्टी (एमाले)का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र कांग्रेसका सभापति गगन थापा बाढी प्रभावित क्षेत्रमा पुगेका छन् । ओली नेतृत्वको टोली राहत सामग्रीसहित बाढी प्रभावित क्षेत्र नुवाकोटको विदुर पुगेको हो । टोलीले बाढी प्रभावित क्षेत्रको स्थलगत अवलोकन गर्दै पीडितको अवस्था, उद्धार तथा राहत वितरणबारे जानकारी लिएको एमाले सचिव एवं बागमती प्रदेश इन्चार्ज महेश बस्नेतले जानकारी दिए।





एमालेले बस्नेतको नेतृत्वमा ४० सदस्यीय बाढीपीडित उद्धार, राहत तथा पुनर्स्थापना सहयोग समिति गठन गरेको छ । पार्टीले बाढी प्रभावित नागरिकको उद्धार, राहत तथा दीर्घकालीन पुनर्स्थापनाका लागि सरकारको कोषमा १ करोड २० लाख रुपैयाँ सहयोग गर्ने घोषणा गरेको छ ।

विदुरमा बाढी प्रभावित क्षेत्रको अवलोकनपछि ओलीले सरकारको उद्धार तथा राहत कार्य प्रभावकारी हुन नसकेको टिप्पणी गरे । उनले प्रभावित क्षेत्रमा सरकारको उपस्थिति पर्याप्त नदेखिएको भन्दै जनतालाई तत्काल राहत र भरोसा आवश्यक रहेको बताए ।

ओलीले मन्त्रीहरूले एआईबाट सिर्जित तस्बिरमार्फत प्रचारमा लागेको आरोपसमेत लगाए । उनले राहत र उद्धारको कामलाई प्राथमिकता दिन सरकारलाई आग्रह गरे । 'हामीलाई एआई सिर्जित तस्बिरहरूको प्रचार होइन, हामीलाई जनतालाई राहत दिने काम चाहिएको छ,' उनले भने ।

आफूहरूले सक्दो राहत वितरण तथा पुरिएका घरबाट सामान निकाल्नेलगायतका काम गरिरहेको बताउँदै ओलीले सरकारले उद्धार, राहत र पुनर्स्थापनाको कामलाई थप तीव्रता दिनुपर्ने बताए ।

यसैबीच, कांग्रेसका सभापति थापा पनि बाढी प्रभावित क्षेत्रको स्थलगत अवस्था बुझ्न विज्ञ टोलीसहित रसुवा पुगेका छन् । भदौ १० गते भोटेकोशी नदीमा आएको विनाशकारी बाढीबाट रसुवामा भएको मानवीय तथा भौतिक क्षतिको अवस्था बुझ्न थापा शुक्रबार रसुवा पुगेका हुन् । कांग्रेस सभापतिको सचिवालयका अनुसार उनी विज्ञसहित नौकुण्ड गाउँपालिका-३ स्थित घिचेत क्षेत्रमा पुगेका हुन् ।

बाढी प्रभावित क्षेत्रमा पार्टीका तर्फबाट भइरहेको स्थलगत अध्ययनलाई थप व्यवस्थित बनाउन थापाले विज्ञ टोलीलाई समेत साथमा लगेका हुन् । यसअघि भदौ १५ गते उनले नुवाकोटको विदुर नगरपालिका-३ पुगेर बाढी प्रभावित क्षेत्रको अवस्थाबारे स्थलगत जानकारी लिएका थिए ।थापाले बिहीबार पार्टीको स्थलगत निरीक्षणका क्रममा देखिएका अवस्थालाई आधार बनाएर विस्तृत प्रतिवेदन तयार गरी सार्वजनिक गर्ने बताएका थिए ।

भोटेकोशीमा आएको बाढीका कारण रसुवासहित नुवाकोट र धादिङमा ठुलो जनधनको क्षति भएको छ । प्रभावित क्षेत्रको स्थलगत अध्ययनपछि क्षति र आवश्यकताबारे विस्तृत विवरण सार्वजनिक गर्ने कांग्रेसको तयारी छ ।

# धापाखेलवासीको पहलमा बाढी पीडितलाई ६ लाख बढी सहयोग

**दीपकप्रसाद घिमिरे/मध्यान्ह**
ललितपुर, १९ भदौ



भोटेकोशी नदीमा आएको बाढीका कारण पुगेको जनधनको क्षतिप्रति सहानुभूति प्रकट गर्दै ललितपुर महानगरपालिका वडा नं. २४ का संघसंस्था, व्यक्ति तथा वडा कार्यालयले बागमती प्रदेश सरकारको मुख्यमन्त्री विपद् व्यवस्थापन तथा राहत कोषमा ६ लाख १६ हजार ७० रुपैयाँ सहयोग गर्ने भएको छ। वडाध्यक्ष दिनेशजंग पाण्डेका अनुसार वडावासी, विभिन्न महिला समूह, टोल विकास संस्था, संघसंस्था, स्थानीय व्यापारी तथा जनप्रतिनिधि र कर्मचारीको सहयोगमा संकलन गरिएको नगद ४ लाख ६६ हजार ७० रुपैयाँ भदौ १८ गते राष्ट्रिय वाणिज्य बैंकमा रहेको बागमती प्रदेश सरकारको मुख्यमन्त्री विपद् व्यवस्थापन तथा राहत कोषको खातामा जम्मा गरिसकिएको छ ।

बाँकी थप एक लाख ५० हजार भने वडा कार्यालयको तर्फबाट तीज मनाउन छुट्याइएको बजेट कटौती गरी व्यवस्थापन प्रक्रियामा रहेकोले चाँडै सोही कोषमा जम्मा गरिने वडाअध्यक्ष पाण्डेले जानकारी दिए । पत्रकार भेटघाटमा बोल्दै वडाअध्यक्ष पाण्डेले विपद्को समयमा पीडितहरूलाई सहयोग गर्नु मानवीय कर्तव्य र जनप्रतिनिधिको दायित्व भएको बताए । स्थानीय तहमा सिधैं नगद राहत दिने व्यवस्था नभएकाले बाढी पीडितसमक्ष चाँडो राहत पुगोस् भन्ने उद्देश्यले प्रधानमन्त्री कोषको साटो प्रदेश सरकारको मुख्यमन्त्री राहत कोष रोजिएको उनको भनाइ थियो ।

सोही अवसरमा अध्यक्ष पाण्डेले राहत संकलनमा सहयोग गर्ने सम्पूर्ण चन्दादाताहरू, टोल विकास संस्था तथा महिला समूहहरूको नामावली र प्राप्त रकम सार्वजनिक गर्दै पारदर्शिता कायम गरिएको बताए । साथै, वडास्तरीय विपद् व्यवस्थापन समितिका सचिव महेशकुमार गिरीको अगुवाइ तथा स्थानीय नयाँ आशा नामक संस्थाको समन्वयमा भदौ १६ गते नुवाकोटको दुप्चेश्वर गाउँपालिका वडा नं. ६, बट्टार पुगेर करिब एक लाख ७० हजार बराबरको खाद्यान्न तथा औषधिजन्य सामग्रीहरू बाढी प्रभावितहरूलाई प्रत्यक्ष रूपमा वितरण गरी फर्किएको जानकारी पनि गराइएको थियो । हाललाई वडास्तरबाट सञ्चालित राहत संकलन अभियान स्थगित गरिएको र आगामी दिनमा यस्ता विपद् नपरुन र विषम परिस्थिति आएमा पुनः हातेमालो गरिने वडाध्यक्ष पाण्डेले बताए ।

# गुनासो नआउने गरी काम गर्न डिभिजन प्रमुख गुप्ताको निर्देशन

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, १९ भदौ



डिभिजन वन कार्यालय अर्घाखाँचीका नवआगन्तुक सिनियर डिभिजन वन अधिकृत शंकरप्रसाद गुप्ताले कर्मचारीलाई अनुशासनमा रहेर नागरिकलाई मुस्कानसहित सेवा दिन र परिणाम देखिने गरी काम गर्न निर्देशन दिएका छन् । शुक्रबार डिभिजन वन कार्यालय अर्घाखाँचीमा आयोजित स्वागत कार्यक्रममा बोल्दै गुप्ताले परम्परागत कार्यशैलीबाट बाहिर निस्केर समयअनुकूल, गुणस्तरीय र परिणाममुखी ढंगले कार्यसम्पादन गर्न कर्मचारीलाई आग्रह गरे । 'काम गराइको पुरानो शैलीबाट गुणात्मक परिवर्तनको जनअपेक्षा पूरा हुन सक्दैन,' उनले भने, 'पुरानै कार्यशैलीबाट परिणाम पनि पुरानै आउँछ। अब पुरानो होइन, नयाँ र ताजा परिणाम दिन जरुरी छ ।'

उनले कर्मचारीको अनुशासन कार्यालयमा उपस्थित हुने विषयमा मात्र सीमित नहुने बताए । सेवाग्राहीसँगको व्यवहार, जिम्मेवारीप्रतिको इमानदारी, समयमै काम सम्पन्न गर्ने बानी र कार्यालयप्रति नागरिकको विश्वास निर्माण गर्नु नै अनुशासनको महत्वपूर्ण आधार भएको उनको भनाइ थियो। वन कार्यालयको काम कागजमा कार्यक्रम सम्पन्न भएको देखाएर मात्र पूरा नहुने उनले स्पष्ट पारे । वार्षिक कार्यक्रम समयमै सम्पन्न गर्नुका साथै त्यसको गुणस्तर र नागरिकले प्राप्त गर्ने प्रतिफललाई समेत प्राथमिकतामा राख्नुपर्ने उनले बताए । कार्यक्रममा वरिष्ठ वन अधिकृत सन्त थिङले डिभिजन वन कार्यालयबाट भइरहेका काम तथा आगामी रणनीतिबारे जानकारी गराएका थिए । कार्यक्रममा कार्यालयअन्तर्गतका सबै सब-डिभिजन प्रमुख तथा कर्मचारीको सहभागिता थियो। कार्यक्रमको सञ्चालन केसर खड्काले गरेका थिए ।

# बाढीप्रभावित चार सयजनालाई जमियत उलमा–ए–नेपालद्वारा राहत वितरण

**इसत्याक अहमद/मध्यान्ह**
काठमाडौं, १९ भदौ

जमियत उलमा-ए-नेपालले भोटेकोशीमा आएको बाढीबाट प्रभावित करिब ४०० जनालाई राहतस्वरूप कपडा तथा आवश्यक सामग्री वितरण गरेको छ । बाढीबाट प्रभावित उनीहरू हाल काठमाडौंको स्वयम्भूस्थित मुस्ताङ गुम्बामा आश्रय लिएर बसिरहेका छन्। राहत सामग्री प्राप्त गरेपछि पीडितहरूले सहयोगप्रति खुसी व्यक्त गर्दै जमियत उलमा-ए-नेपाललाई धन्यवाद दिएका छन्।

विपद्को कठिन घडीमा प्रभावित परिवारहरूको पीडा कम गर्न मानवीय सहयोग र सहकार्य आवश्यक रहेको भन्दै जमीयतले राहत वितरणमार्फत आफ्नो सामाजिक उत्तरदायित्व निर्वाह गरेको जनाएको छ ।

मीयत उलमा-ए-नेपालका महासचिव मुफ्ती समिम अहमद मक्कीका र मौलाना सुबहान अनुसार राहत सामग्री तथा सहयोग रकम आफ्ना सदस्यहरू र विभिन्न मस्जिदमार्फत संकलन गरिएको हो। उनले विपद्पीडितहरूको सहयोगका लागि मस्जिद तथा समुदायबाट प्राप्त सहयोगलाई राहत कार्यमा परिचालन गरिएको बताए । यो राहत वितरण पहिलो चरणको सहायता रहेको र आगामी दिनमा विभिन्न चरणमा थप राहत तथा सहयोग उपलब्ध गराउने योजना रहेको जमीयतले जानकारी दिएको छ । राहत वितरण कार्यमा सहभागी मौलाना कलामुद्दीनले बाढीपीडितहरूले घटनापछि विभिन्न किसिमका समस्या सामना गरिरहेको बताए । आश्रयस्थलमा रहेका पीडितहरूको तत्कालीन आवश्यकता पूरा गर्न निरन्तर सहयोग आवश्यक रहेको उनको भनाइ थियो ।

# ३५ लाखभन्दा बढीको अवैध कस्मेटिक र सुर्ती बरामद

**सत्येन्द्रप्रताप सिंह/मध्यान्ह**
रौतहट, १९ भदौ



सीमावर्ती क्षेत्रमा भन्सार छली र अवैध भण्डारणविरुद्ध सुरक्षा निकायले निगरानी तीव्र पारिरहेका बेला रौतहटको ईशनाथ नगरपालिकामा ठुलो परिमाणको गैरकानुनी सामग्री बरामद गरिएको छ । ईशनाथ नगरपालिका वडा नं ३ औरैयास्थित एक निजी निवासमा लुकाइराखिएको ३५ लाख रुपैयाँभन्दा बढी मूल्यको अवैध कस्मेटिक सामग्री तथा सुर्तीजन्य वस्तु संयुक्त सुरक्षा टोलीले बरामद गरेको छ । प्रदेश नम्बर २ छिन्नमस्ता बाहिनीको विशेष र गुप्त सूचनाका आधारमा बिहीबार राति करिब ११:३० बजे स्थानीय नन्दकिशोर गुप्ताको घरमा छापा मारिएको थियो । खानतलासीका क्रममा गैरकानुनी रूपमा भण्डारण गरी राखिएका कस्मेटिक सामान तथा सुर्ती फेला परेको हो । बरामद गरिएका सामग्रीको भन्सार मूल्यांकन ३५ लाख २३० रुपैयाँ रहेको जनाइएको छ। उक्त कारबाहीका लागि ठुलो संख्यामा सुरक्षाकर्मी परिचालन गरिएको थियो । सशस्त्र प्रहरी बल नेपाल नं. ११ गण हेडक्वार्टर रौतहटका गणपति सशस्त्र प्रहरी उपरीक्षक चेतराज जोशीको प्रत्यक्ष कमान्डमा ४५ जना सशस्त्र प्रहरी, इलाका प्रहरी कार्यालय बन्जरहाका सई धर्मनाथ यादवको नेतृत्वमा ७ जना नेपाल प्रहरीका जवान तथा गौर भन्सार कार्यालयका प्रतिनिधिहरूसहितको संयुक्त टोलीले गुप्ताको घर घेराबन्दी गरी खानतलासी लिएको थियो ।

सशस्त्र प्रहरी गुल्म गौरका प्रमुख तथा प्रहरी नायब उपरीक्षक दुर्गाप्रसाद भट्टका अनुसार बरामद गरिएका सम्पूर्ण कस्मेटिक र सुर्तीजन्य सामग्रीलाई आवश्यक कानुनी प्रक्रिया र कारबाहीका लागि शुक्रबार दिउँसो ३:१५ बजे गौर भन्सार कार्यालय रौतहटमा बुझाइएको छ। भारतीय सीमासँग जोडिएको यस क्षेत्रमा पछिल्लो समय चोरी-निकासी तथा अवैध पैठारीका घटनाहरू बढेको जनगुनासो आइरहेका बेला सुरक्षा निकायको यो ठूलो सफलता हो। संयुक्त टोलीको यस सक्रियताले सीमावर्ती क्षेत्रमा हुने अवैध ओसारपसार र भन्सार छली नियन्त्रणमा थप कडाइ भएको र चोरी-तस्करीमा संलग्न गिरोहहरू हतोत्साहित बनेको स्थानीयहरूको बुझाइ छ। सुरक्षा निकायले सीमा क्षेत्रमा यस्ता गैरकानुनी गतिविधि रोकथामका लागि गस्ती र सुराकी प्रणालीलाई अझ सशक्त बनाउँदै लैजाने सशस्त्र प्रहरीले जनाए ।

# क्षतिग्रस्त झोलुंगे पुलको मर्मत सुरु

**काठमाडौं/मस–** सरकारले रसुवाको भोटेकोशी नदीमा आएको भीषण बाढीले क्षति पुऱ्याइएका २० वटा झोलुंगे पुलको मर्मतमा सुरु भएको जनाएको छ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका अनुसार बाढीले मुग्लिङदेखि टिमुरेसम्म रहेका ६४ वटा झोलुंगे पुलमध्ये ५३ वटामा क्षति पुऱ्याइएको थियो ।

'सरकारी अधिकारीहरूले प्रभावित क्षेत्रमा पुगेर मूल्यांकन गर्दा क्षति पुगेका ५३ मध्ये २० वटा झोलुंगे पुलको मर्मत गर्नुपर्ने निष्कर्ष निकालेका थिए', कार्यालयले भनेको छ, 'क्षतिग्रस्त पुल मर्मतका लागि सरकारले भदौ १७ गते कार्यादेश जारी गरेको थियो ।' जसमध्ये महेश दोभान-मास्टार, कालिकाथान, मलिंगा-मझुवाटार, केउरेनी-गहते र पिमलटार-जागराम खोला झोलुंगे पुलको मर्मतमा प्रगति भएको छ। यी पाँच वटा झोलुंगे पुलहरू एक महिनाभित्र मर्मत सम्पन्न गरिनेछ । पुनःनिर्माण गर्नुपर्ने ३३ वटा झोलुंगे पुलका लागि पनि सरकारले भदौ १७ गते नै बोलपत्र आह्वान गरिसकेको जनाइएको छ ।

# व्यवसायी भट्टराईलाई पितृशोक



**काठमाडौं/मस–** वैदेशिक रोजगार व्यवसायी हरि भट्टराईलाई पितृशोक परेको छ। काठमाडौंको बाँसबारीस्थित गुड अर्थ इन्टरनेसनल प्रा.लि.का सञ्चालक भट्टराईका पिता मित्रप्रसाद भट्टराईको निधन भएको हो। भट्टराईको शुक्रबार बिहान २:१० बजे ८४ वर्षको उमेरमा निधन भएको पारिवारिक स्रोतले जनाएको छ ।

**१० दिनपछि...**

'म एक्लै भागेर भएन। सबैलाई बचाउनुपऱ्यो,' उनले उद्धारपछि भने, 'सबैलाई बाहिर पठाएँ । अन्तिममा म आफैं निस्कन पाइनँ ।' त्यसपछि उनी सुरुङभित्रै फसे । बाहिर निस्केकाहरू सम्पर्कविहीन हुँदा उनको भने दसौं दिनमा जीवितै उद्धार भएको छ ।

उनको स्वास्थ्य अवस्था सामान्य नै छ । अँध्यारो सुरुङभित्र थुनिएका सञ्जयले बाँच्ने उच्च मनोबल राखेर धार्मिक मन्त्र जप्दै बसेको बताएका छन्। बाहिर ल्याउँदै गर्दा उनले सुरुङभित्र आफूनजिकै तीन-चारजनासँग सम्पर्कमा रहेको बताए। पावर हाउस क्षेत्रमा पनि केही कामदार थुनिएको हुनसक्ने उनको आशंका थियो । तर, सञ्जय र कविर महर्जनको जीवितै उद्धारपछि अर्को एकजना व्यक्तिको शव भेटियो । त्यसपछि उद्धारकर्मीले सुरुङको सबैभागसम्म पुगेर खोजी गऱ्यो । तर, कोही नभेटिएपछि त्रिशुली थ्री एको उद्धारकार्य बन्द गरेको छ ।

सञ्जय जीवितै उद्धार भएको खबरले तिलाठी गाउँमा खुसी छाएको छ । उनका बाबु रामफल साहसहित परिवारका सदस्यहरू छोरा भेट्न काठमाडौं आइपुगेका छन्। छोरा सम्पर्कविहीन भएपछि पटकपटक बेहोस भएकी आमा कपुरदेवी निकै खुसी छिन् । 'मेरो छोराले दोस्रो जीवन पाएको छ,' उनले भनिन्, 'उद्धारमा खटिनुभएका सबैलाई धन्यवाद ।'

सञ्जयको परिवारमा खुसी फर्किएको केही समयमै सुरुङको अँध्यारोबाट अर्को खुसीको खबरबाहिर आयो । त्यो थियो, कविर महर्जनको सकुशल उद्धार ।

कविर कुलेखानी जलविद्युत् आयोजनाबाट माथिल्लो त्रिशूली-३ 'ए'को नियमित मर्मतसम्भारका लागि रसुवा पुगेका थिए। उनी हाइड्रो पावर अटोमेसन प्रोजेक्टअन्तर्गत मेकानिकल सुपरभाइजरका रूपमा काम गर्थे । बाढीले सुरुङको प्रवेशद्वार थुनिएपछि उनी पनि त्यहीँ फसे। १० दिनसम्म उनको कसैसँग सम्पर्क भएन ।

शुक्रबार नेपाली सेनाको नेतृत्वमा खटिएको सशस्त्र प्रहरी, विज्ञ तथा विद्युत् प्राधिकरणका प्राविधिकसहितको उद्धार टोलीले कविरलाई पनि जीवितै बाहिर निकाल्यो । उद्धारका बेला उनी बोल्न सकिरहेका थिएनन् ।

प्रारम्भिक उपचारपछि उनलाई हेलिकोप्टरबाट काठमाडौं ल्याइयो । अहिले उनको छाउनीस्थित वीरेन्द्र सैनिक अस्पतालको सघन उपचार कक्षमा उपचार भइरहेको छ । कविर जीवितै भेटिएको खबरपछि उनका आफन्त अस्पताल पुगे । श्रीमान्को प्रतीक्षामा रहेकी हरिशोभाले पनि यो विपत्तिमा उनी फर्किएर आउने आशा मारिसकेकी थिइन्। 'उहाँ फर्किनुहुन्छ भन्ने आशा मारिसकेका थियौं,' उनले भनिन्, 'उहाँ फर्किंदा हामी एकदमै खुसी छौं। हाम्रो खुसी फर्किएको छ ।'

कविरको उद्धारमा खटिएका उद्धारकर्मीलाई उनले धन्यवाद दिइन् । 'उद्धार गर्न धेरै समय लाग्दो रहेछ । उहाँहरूले आफ्नो ज्यान नै जोखिममा राखेर बचाइदिनुभयो,' उनले भनिन् ।

लामो प्रतीक्षा। १० दिनसम्मको चिन्ता। अनि १० दिनपछि आएको खुसीको खबर । सञ्जय र कविरका परिवारका लागि शुक्रबारको दिन बिर्सन नसकिने बनेको छ। बाढीले उनीहरूलाई सुरुङभित्र थुने पनि १० दिनपछि उद्धार टोलीले उनीहरूलाई परिवारसम्म फर्काइदियो । परिवारले गुमेको ठानेका दुई जीवन फेरि घर फर्किए ।

**२५ मिटर...**

भेटियो । खोजीलाई निरन्तरता दिँदा कविर महर्जन पनि जीवितै भेटिए । दुवैलाई सुरुङबाट बाहिर निकालिएपछि प्रारम्भिक स्वास्थ्य परीक्षण गरियो । सञ्जयको अवस्था सामान्य थियो । कविरको अवस्था कमजोर देखिएपछि उनलाई हेलिकोप्टरबाट काठमाडौं ल्याइयो । अहिले दुवैको वीरेन्द्र अस्पताल छाउनीमा उपचार भइरहेको छ ।

खोज तथा उद्धारका क्रममा सुरुङबाट एकजनाको शव पनि निकालियो । सुरुङभित्र अरू व्यक्ति फसेको हुनसक्ने आशंकामा टोलीले थप खोजी गऱ्यो । तर, थप व्यक्ति नभेटिएपछि उद्धार अभियान बन्द गरिएको छ ।

उद्धारमा नेपाली सेनाका ७५, सशस्त्र प्रहरी बलका १८ तथा नेपाल प्रहरी र विज्ञसहितको संयुक्त टोली परिचालन गरिएको थियो। नेपाल विद्युत् प्राधिकरणका प्राविधिक तथा इन्जिनियरहरू पनि उद्धारमा सहभागी थिए ।

**अब...**

घरहरू सरसफाइ गरेर बसाउने र नभएकाहरूका लागि तत्काल अस्थायी बासको प्रबन्ध गर्नुपर्नेछ ।'

त्यसपछि बस्ती स्थानान्तरणमार्फत दीर्घकालीन रूपमा सुरक्षित बासस्थानको व्यवस्थामा लाग्ने उनको भनाइ छ । यद्यपि अस्थायी र स्थायी पुनर्वासको व्यवस्थापन गर्नुपर्ने कति नागरिक हुन् भन्ने यकिन तथ्यांक आइसकेको छैन। प्रभावित सबै स्थानीय तहका वडामार्फत विस्तृत विवरण संकलनको काम भइरहेको नुवाकोटका प्रमुख जिल्ला अधिकारी शम्भुप्रसाद रेग्मीले बताए । नुवाकोटमा २५ वटा होल्डिङ सेन्टरमा पीडित नागरिकलाई आश्रय दिइएको उनको भनाइ छ। नदीतटीय क्षेत्रमा अझै पनि उद्धारको काम भइरहेको प्रजिअ रेग्मीले बताए। 'अझै पनि हामी उद्धारकार्यमा निरन्तर छौं,' उनले भने, 'योसँगै वास्तविक पीडितहरूको तथ्यांक वडागत रूपबाट एकीकृत गर्ने कार्य भइरहेको छ। यकिन तथ्यांक आइसकेको अवस्था छैन ।'

कति मान्छे हराए, कतिको मृत्यु भयो र कतिलाई अस्थायी वा स्थायी पुनर्वासको आवश्यकता हो भन्ने तथ्यांक आइसकेपछि थप योजना बनाउन सजिलो हुने उनको भनाइ छ । स्थायी बसोबासको प्रबन्धका लागि स्थानीय तहकै सिफारिसमा सम्बन्धित पीडितको इच्छा र प्रविधिक दृष्टिकोणले उपर्युक्त स्थानको खोजी गरिने प्रजिअ रेग्मीले बताए । यसका लागि भौतिक मन्त्रालयअन्तर्गतको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण (नेपाल)ले बनाएको योजना मापदण्डअनुसार स्थायी पुनर्वासको व्यवस्था हुने उनको दाबी छ । नदीतटीय क्षेत्रबाट अलि माथि रहेका, तर बाढी पसेका कतिपय घरहरू सरसफाइ गरेर बस्न योग्य बनाएर पुनर्वास गराउने काममा समेत स्थानीय सरकार र स्थानीय प्रशासन लागेका छन्। पहिलो चरणमा नदीको बहावले नभेट्ने ठाउँका घरहरू सरसफाइ र मर्मत गरेर सम्बन्धित घरधनी बस्न चाहेमा त्यहीँ स्थापित गराउन स्थानीय प्रशासनले आवश्यक समन्वय गर्दै आएको छ ।

बस्ती स्थानान्तरणको कार्य भने स्थानीय प्रशासनले चाहेर मात्रै हुँदैन । नुवाकोटका प्रमुख जिल्ला अधिकारी रेग्मीले पहिलो अस्थायी बासको व्यवस्थापछि स्थायी बसोबासका लागि जग्गा पहिचान गरेर केन्द्रीय सरकारको निर्णयअनुसार अघि बढ्नुपर्ने बताए । 'हामीले मात्रै भनेर बस्ती स्थानान्तरण हुँदैन, प्रक्रियागत रूपमा समय लाग्छ,' उनले भने, 'पहिला स्थानीय तहले जग्गा देखाउनुपऱ्यो, त्यसपछि पीडितको इच्छाअनुसार ठाउँ छनोट गर्ने र उक्त ठाउँ भूगर्भविद् वा प्राविधिकबाट बस्न योग्य हो या होइन भनेर छुट्याएपछि मात्रै संघीय सरकारको निर्णय र बजेटअनुसार स्थायी पुनर्स्थापनाका लागि आवास निर्माण कार्य अघि बढ्छ ।'

बाढीबाट सबैभन्दा बढी पीडा रसुवाले खेपेको छ । रसुवामा अझै पीडित नागरिकलाई राहत पुऱ्याउन अझै कठिन भइरहेको स्थानीय प्रशासनको भनाइ छ। राहतसँगै तत्काल बासको व्यवस्थापनमा स्थानीय सरकारले भूमिका खेलेको छ। जिल्ला प्रशासन कार्यालय र सुरक्षा निकायका प्रमुखहरू समेतको समन्वयमा राहत विरणका काम भइरहेको रसुवाका प्रमुख जिल्ला अधिकारी नरेन्द्र परियारले बताए । भूबनोटका कारण रसुवामा राहत वितरणमा समस्या भएको उनको भनाइ छ। राहतपछिको पुनर्स्थापनामा स्थानीय प्रशासन र स्थानीय सरकार संवेदनशील रहेको उनले बताए । तत्काललाई अस्थायी आवासको व्यवस्थापनका विषयमा छलफल हुँदै गरेको उनले दाबी गरेका छन् ।

धादिङका चारवटा स्थानीय तह बाढीप्रभावित भए पनि कुनै स्थानीय तहमा मानवीय क्षति भएको छैन । यद्यपि सयौं नागरिक विस्थापित भएका छन्। विस्थापित बस्तीलाई सुरक्षित रूपमा होल्डिङ सेन्टरमा राखिएको धादिङका प्रमुख जिल्ला अधिकारी लक्ष्मी पाण्डेय (गौतम)ले बताइन् । कतिपय विस्थापितहरू कोठा भाडामा बस्ने, घर सफा गरेर फर्कने, आफन्तकोमा जाने गरेकाले होल्डिङ सेन्टरमा बस्नेको संख्या दैनिक घट्दै गएको छ। बाढीप्रभावित क्षेत्रमा अझै नदीको कटान जारी छ । 'नदीको कटान अझै पनि जारी रहेको छ,' प्रजिअ पाण्डेले भनिन्, 'बाढी पसेका कति घरहरू सरसफाइ र मर्मत गरेर बस्नयोग्य छन् भन्ने प्राविधिक मूल्यांकनको काम पनि भइरहेको छ ।'

बस्न योग्य घरमा बसाउन र बाँकीलाई अस्थायी आवासको व्यवस्था गर्ने छलफल भएको उनले जानकारी दिइन्। दीर्घकालीन पुनर्स्थापनाका लागि संघीय सरकारको मापदण्डअनुसार रहेर काम गर्नुपर्ने उनको भनाइ छ । 'राज्यले दीर्घकालीन पोलिसी ल्याउला, त्यसपछि मात्रै अघि बढ्ने हो । पहिला स्थानीय सरकारले जग्गाको व्यवस्था गरेपछि थप प्रक्रिया अघि बढ्छ,' उनले भनिन्। अहिले नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरी, विभिन्न राजनीतिक दलका भ्रातृसंगठन, संघसंस्थाबाट स्वयंसेवी रूपमा बाढी पसेका घरहरूको सफा गर्ने काम भइरहेको स्थानीय जनप्रतिनिधिहरूले बताएका छन् ।

**बाढीपीडितलाई...**

रोजगारी दिने समेत घोषणा गरेको छ । यस्तै बाढीप्रभावितका लागि गैरआवासीय नेपाली संघ (एनआरएनए) राष्ट्रिय समन्वय परिषद् युएईले ११ लाख ३५ हजार २४९ रुपैयाँ सहयोग गरेको छ। त्यस्तै, मलेसियाको बिएसएसबी कम्पनीमा काम गर्ने सबै नेपाली श्रमिक मिलेर बाढीपीडितका लागि ३ लाख ८९ हजारभन्दा बढी रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा प्रदान गरेका छन् । मलेसियामा सुरक्षागार्डको तलब अन्य श्रमिकको तुलनामा कम मानिन्छ। तर, सुरक्षागार्डका रूपमा कार्यरत श्रमिकहरू प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रकम जम्मा गरी बाढीपीडित नेपालीका लागि सहयोग गर्न अगाडि देखिएका छन् ।

**मलेसियाको...**

सुरुमा नेपाल सरकारले विदेशी उद्धार टोलीहरू स्वीकार नगर्ने निर्णय गरेको थियो । तर, मलेसियाको विदेश मन्त्रालय र नेपाल सरकारबीच कूटनीतिक वार्तापछि नेपाल सरकारले मलेसियाली उद्धार टोलीलाई नेपाल आउने अनुमति दिएको हो। मलेसियाली राष्ट्रिय विपद् व्यवस्थापन एजेन्सीका अनुसार यो विशेष टोली शनिबार सुबाङ एयर बेसबाट नेपालका लागि प्रस्थान गर्नेछ । मलेसियाले नेपालका बाढीपीडितहरूको राहत तथा पुनर्स्थापनाका लागि १० लाख अमेरिकी डलर आर्थिक सहायता दिने घोषणा पनि गरेको छ ।

# भोटेकोशीका बाढीपीडितको यथाशीघ्र पुनर्स्थापना गरिने

**काठमाडौं /मस-** भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले रसुवा-भोटेकोशी क्षेत्रमा गएको बाढीबाट प्रभावित तथा विस्थापित परिवारको सुरक्षित पुनर्स्थापना र अस्थायी बसोबासका लागि उपयुक्त जग्गा पहिचान गर्न समिति गठन गरेको छ।

नापी विभागका महानिर्देशक प्रकाश जोशीको संयोजकत्वमा समिति गठन गरिएको मन्त्रालयले जनाएको छ । समितिमा संघीय मामिला महाशाखाका प्रतिनिधि, पूर्वाधार मन्त्रालयका प्रतिनिधि, भूमि व्यवस्थापन तथा अभिलेख विभागका निर्देशक, सम्बन्धित जिल्लाका सहायक प्रमुख जिल्ला अधिकारी, सम्बन्धित स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत, जिल्ला समन्वय अधिकारी, जिल्ला प्रहरी कार्यालय तथा सशस्त्र प्रहरी बलका प्रतिनिधि, भूमि प्रशासन कार्यालय प्रमुख र नापी कार्यालय प्रमुख सदस्य रहेका छन् । उपसचिव (प्रा) दामोदर वाग्ले सदस्य-सचिव पनि रहेका छन् ।



मन्त्रालयका अनुसार समितिलाई बाढीका कारण घरजग्गामा क्षति भई विस्थापित भएका, सोही स्थानमा बसोबास गर्न जोखिमपूर्ण भएका तथा जोखिम हुँदाहुँदै पनि प्रभावित क्षेत्रमा बसोबास गरिरहेका परिवारको यथार्थ विवरण पहिचान गर्ने जिम्मेवारी दिइएको छ ।

समितिले बाढीपीडित परिवारको पहिचानदेखि पुनःस्थापनाका लागि आवश्यक जग्गाको छनोट, स्थलगत अध्ययन, प्रारम्भिक विपद् जोखिम मूल्यांकन तथा अस्थायी बसोबासका लागि आवश्यक कानुनी प्रक्रियासम्मका विषय समेटेर स्पष्ट सुझाव तथा सिफारिससहितको प्रतिवेदन मन्त्रालयमा पेस गर्नेछ ।

समितिले सम्बन्धित स्थानीय तहको समन्वयमा बाढीपीडित परिवारको वास्तविक विवरण संकलन तथा पहिचान गर्नेछ । पुनर्स्थापनाका लागि आवश्यक पर्ने जग्गा सम्बन्धित स्थानीय तह, जिल्लास्थित भूमि प्रशासन कार्यालय र नापी कार्यालयको सहयोगमा पहिचान गरिनेछ ।

पहिचान भएका जग्गाको स्थलगत अध्ययन गरी सम्बन्धित विषयविज्ञको सहयोगमा प्रारम्भिक विपद् जोखिम मूल्यांकन गरिने मन्त्रालयले जनाएको छ । समितिले जग्गाको भौगोलिक अवस्था, बाढी तथा पहिरोको जोखिम, बसोबासका लागि उपयुक्तता र आवश्यक पूर्वाधारलगायतका विषयको अध्ययन पनि गर्नेछ ।

**७ हजार ५७० घर पूर्ण क्षतिग्रस्त**

भदौ १० गते आएको भोटेकोशी बाढीबाट देशभर ७ हजार ५७० घर पूर्ण रूपमा क्षतिग्रस्त भएको प्रारम्भिक आँकलन गरिएको छ । बाढीका कारण ३२ हजार ९३३ नागरिक प्रत्यक्ष रूपमा प्रभावित भएको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले जनाएको छ ।

प्राधिकरणले तयार पारेको 'शीघ्र प्रारम्भिक क्षति तथा आवश्यकता आँकलन' प्रतिवेदनले बाढीबाट भएको क्षतिको प्रारम्भिक विवरण सार्वजनिक गरेको हो । प्राधिकरणकी प्रवक्ता शान्ति महतका अनुसार यो प्रारम्भिक आँकलन भएकाले विस्तृत क्षति विवरण आउन बाँकी छ । बाढीबाट सरकारी तथा सार्वजनिक संरचनामा समेत ठूलो क्षति पुगेको छ। प्रतिवेदनअनुसार ४८ वटा सरकारी संरचनामा क्षति पुगेकोमा ३५ वटा पूर्ण रूपमा र १३ वटा आंशिक रूपमा क्षतिग्रस्त भएका छन् । त्यस्तै, १८ वटा विद्यालयमा क्षति पुगेको छ । तीमध्ये ११ वटा विद्यालय पूर्ण रूपमा र ७ वटा आंशिक रूपमा क्षतिग्रस्त भएका छन् । स्वास्थ्य क्षेत्रका ७ वटा संस्थामा क्षति पुगेकोमा ४ वटा पूर्ण र ३ वटा आंशिक रूपमा क्षतिग्रस्त भएका छन् ।

बाढीले भौतिक पूर्वाधारमा पनि ठूलो क्षति पुऱ्याएको छ । प्रारम्भिक विवरणअनुसार ५५ किलोमिटर सडक पूर्ण रूपमा क्षतिग्रस्त भएको छ। यस्तै, ३७ वटा मोटरेबल पुल र ६८ वटा झोलुंगे पुलमा क्षति पुगेको प्रवक्ता महतले जानकारी दिनुभएको छ ।

कृषि क्षेत्रमा १ हजार ८०६ हेक्टर कृषियोग्य जमिनमा क्षति पुगेको अनुमान गरिएको छ । यसबाट ७ हजार ६८६ मेट्रिक टन खाद्यान्न उत्पादनमा ह्रास आउने आँकलन गरिएको छ । प्रभावित पाँचवटै जिल्लामा पशु तथा कुखुरापालन व्यवसायमा समेत ठूलो क्षति पुगेको प्राधिकरणले जनाएको छ ।

ऊर्जा क्षेत्रमा पनि बाढीको प्रभाव गम्भीर देखिएको छ । बाढीका कारण ७८३ मेगावाट विद्युत् उत्पादन प्रभावित भएको छ। यसअन्तर्गत १३ वटा जलविद्युत् आयोजना, एउटा सोलार प्लान्ट र दुईवटा प्रसारण लाइनमा क्षति पुगेको छ ।

यस्तै, प्रभावित क्षेत्रमा रहेका १७ वटा बैंकका शाखामा समेत बाढीका कारण क्षति पुगेको प्राधिकरणले जनाएको छ । प्राधिकरणका अनुसार सार्वजनिक गरिएको तथ्यांक प्रारम्भिक भएकाले विस्तृत क्षति तथा आवश्यकता मूल्यांकनपछि क्षतिको वास्तविक विवरण थप स्पष्ट हुनेछ ।

# बाढीपीडितका लागि एनआरएनए युएईको ११ लाख बढी सहयोग

**निशान्त पाठक /मध्यान्ह**
दुबई, युएई, १९ भदौ




नेपालका रसुवा, नुवाकोट, धादिङलगायतका विभिन्न जिल्लामा भदौ १० गते आएको विनाशकारी बाढीबाट प्रभावित नागरिकहरूको राहत तथा सहयोगका लागि नेपाल एसोसिएसन-एनआरएनए एनसिसी युएईले ११ लाख ३५ हजार २४९ रुपैयाँ सहयोग गरेको छ ।

एनआरएनए एनसिसी युएईले संकलन गरेको उक्त रकम बाढीपीडितहरूको राहत तथा सहयोगका लागि एनआरएनए आइसिसी सचिव भवानीप्रसाद तिमल्सिना र मध्यपूर्व संयोजक रमेश श्रेष्ठमार्फत हस्तान्तरण गरिएको हो ।

रकम हस्तान्तरण कार्यक्रममा एनआरएनए एनसिसी युएईका अध्यक्ष भीम मल्ल ठकुरी, महासचिव कमल कार्की, उपाध्यक्ष सविन योञ्जन तामाङ, कोषाध्यक्ष विनोद बस्नेतलगायत सम्पूर्ण कार्यसमितिका पदाधिकारी तथा सदस्यहरूको उपस्थिति रहेको थियो ।

बाढीबाट प्रभावित नागरिकलाई राहत तथा सहयोग पुऱ्याउने उद्देश्यले एनआरएनए एनसिसी युएईले सहयोग रकम संकलन गरेको जनाएको छ। संकलित रकम सम्बन्धित बाढीपीडितहरूको राहत तथा सहयोगमा उपयोग गरिने अध्यक्ष ठकुरीले बताए । विपद्को समयमा पीडित नागरिकलाई सहयोग गर्ने उद्देश्यले गरिएको यस अभियानमा सहयोग तथा योगदान गर्ने सम्पूर्ण व्यक्ति तथा संस्थाप्रति एनआरएनए एनसिसी युएईले आभार व्यक्त गरेको छ ।

# बाढीपीडितलाई जापानबाट व्यवसायी सुवेदीको सहयोग

**पूर्ण चलाउने /मध्यान्ह**
टोकियो, १९ भदौ



जापानमा व्यवसाय गरिरहेका एक सफल व्यवसायी दीपक सुवेदीले भोटेकोशीमा आएको बाढीबाट प्रभावितहरूको उद्धार तथा राहतका लागि ३६ लाख जापानी येन सहयोग गरेका छन् ।

सुवेदी जापानमा दिपवे जापान कम्पनी प्रा.लि.का अध्यक्ष तथा प्रबन्ध निर्देशक हुन् । दिपवे जापान कम्पनीले जापानमा रेस्टुरेन्टलगायतका क्षेत्रमा ठुलो लगानी गरिरहेको छ ।

बाढीपीडितका लागि दिपवे जापान कम्पनीले ३० लाखका साथै दिपवे जापान कम्पनी परिवारका तर्फबाट ६ लाख गर्दै जम्मा ३६ लाख जापानी येन प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरेको दिपवे जापानले जनाएको छ । श्री कृष्णजन्माष्टमीको अवसर पारेर शुक्रबार उद्धार कोषमा रकम जम्मा गरिएको दिपवे जापानका प्रवन्ध निर्देशक सुवेदीले बताए । उनले समाजिक सञ्जालमार्फत ज्यान गुमाउनेप्रति श्रद्धाञ्जली अर्पण गरेका छन् ।

विपद्मा मानवीय सहयोगलाई निरन्तरता दिने जनाउँदै दिपवे कम्पनीले बाढीपीडितलाई सहयोग गर्नपनि सबैमा हार्दिक अनुरोध गरेको छ। कम्पनीले विगतदेखि नै विभिन्न सामाजिक कार्यहरूका साथै समस्या तथा विपद्मा परेकाहरुलाई सहयोग गर्दै आइरहेको छ ।

## बाढीपीडितको उद्धारदेखि रोजगारीसम्म

# भिक्टोरिया ज्वेलर्सको १० लाख सहयोग

**तिलु शर्मा पौडेल /मध्यान्ह**
दोहा, कतार, १९ भदौ




नेपालमा आएको विनाशकारी बाढीबाट प्रभावित परिवारको राहत, उद्धार तथा पुनर्स्थापनाका लागि एनआरएनए एनसिसी कतारले अघि बढाएको अभियानमा ऐक्यबद्धता जनाउँदै भिक्टोरिया ज्वेलर्स एन्ड डायमन्डले १० लाख रुपैयाँ सहयोग गरेको छ ।

सहयोगसँगै संस्थाले बाढीबाट प्रभावित परिवारका १० जना युवा-युवतीलाई रोजगारी दिने घोषणा गरेपछि भिक्टोरियाको सहयोग राहतमा मात्र सीमित नरही रोजगारी र पुनर्स्थापनासम्म जोडिएको छ ।

बिहीबार साँझ आयोजित सहयोग हस्तान्तरण कार्यक्रममा भिक्टोरिया ज्वेलर्सका तर्फबाट उक्त रकम घोषणा तथा हस्तान्तरण गरिएको हो । रकम एनआरएनए आइसिसीमार्फत प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरी विपद् प्रभावितका लागि उपयोग गरिने बताइएको छ ।

भिक्टोरिया ज्वेलर्सका तर्फबाट बोल्दै ब्रान्ड प्रवर्धन संयोजक तथा एनसिसी कतारका उपाध्यक्ष रोशन अर्यालले विपत्तिको यस घडीमा एनआरएनए एनसिसी कतारले अघि बढाएको राहत अभियानमा भिक्टोरिया ज्वेलर्सले पनि आफ्नो तर्फबाट सहयोग गरेको बताए । नेपाली समुदाय दुःखमा पर्दा सधैं साथमा रहने प्रतिबद्धता व्यक्त गर्दै उनले सहयोग वास्तविक पीडितसम्म पुग्ने विश्वास व्यक्त गरे ।

अर्यालले आगामी दिनमा एनआरएनए आइसिसीको पुनर्स्थापना अभियानमा समेत भिक्टोरिया ज्वेलर्स सहभागी हुने जानकारी दिए । पीडित परिवारका लागि घर निर्माण तथा विकट क्षेत्रका विद्यालयलाई सहयोग गर्ने योजना रहेको उल्लेख गर्दै उनले नेपाली समुदायलाई पनि भिक्टोरिया ज्वेलर्सलाई साथ र प्राथमिकता दिन आग्रह गरे ।

कार्यक्रमलाई सम्बोधन गर्दै एनसिसी कतारका अध्यक्ष कृष्ण पन्थीले भिक्टोरिया ज्वेलर्सका सञ्चालक मोहम्मद फैजल भिक्टोरियाले प्रदान गरेको १० लाख रुपैयाँ शिक्षा, एकल महिला, खाद्यान्न, चिकित्सकीय टोली तथा औषधिलगायतका क्षेत्रमा उपयोग गरिने बताए । विपद्को कठिन घडीमा गरिएको सहयोगप्रति आभार व्यक्त गर्दै पन्थीले नेपाली समुदायले यस मानवीय सहयोगलाई कहिल्यै नबिर्सने बताए ।

नेपाल अहिले विपद्को अवस्थामा रहेकाले सबैले आफ्नो क्षमताअनुसार सहयोग गर्नुपर्नेमा जोड दिँदै पन्थीले भने, 'रकम ठुलो वा सानो होइन, मन ठुलो हुनुपर्छ। एक रियालदेखि एक हजार र एक मिलियन रुपैयाँसम्म, जसले जति सकिन्छ सहयोग गरौं र नेपाललाई विपद्बाट उठाउन हातेमालो गरौं।'

कार्यक्रममा भिक्टोरिया ज्वेलर्सका सञ्चालक मोहम्मद फैजल भिक्टोरियाले बाढी-पहिरोबाट प्रभावित परिवारका १० जना युवा-युवतीलाई रोजगारी दिने घोषणा गरे। नेपालमा काठमाडौं शाखा विस्तारको तयारी भइरहेको जानकारी दिँदै उनले पीडित परिवारको चाहना र आवश्यकता अनुसार नेपालसँगै दुबई र कतारमा समेत प्रभावित परिवारका युवालाई रोजगारीको अवसर प्रदान गर्ने बताए ।

आर्थिक सहयोगसँगै रोजगारी सिर्जना गर्ने फैजलको घोषणालाई कार्यक्रममा सहभागी वक्ताहरूले पीडित परिवारका लागि दीर्घकालीन राहतको महत्वपूर्ण प्रयासका रूपमा प्रशंसा गरे । उनीहरूले विपद्का बेला आर्थिक सहयोगसँगै रोजगारीको अवसर सिर्जना गर्ने प्रतिबद्धताले प्रभावित परिवारमा नयाँ आशा र आत्मविश्वास जगाउने बताए ।

सन् २०१२ देखि सुनचाँदी तथा हिराका गहनाको व्यवसायमा सक्रिय भिक्टोरिया ज्वेलर्स एन्ड डायमन्डले हाल २०० भन्दा बढी नेपालीलाई प्रत्यक्ष रोजगारी प्रदान गर्दै आएको छ । नेपाली समुदायसँगको लामो व्यावसायिक तथा सामाजिक सम्बन्धलाई निरन्तरता दिँदै विपद्को समयमा समेत सहयोग र सहकार्यलाई प्राथमिकता दिएको संस्थाले जनाएको छ ।


**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७३/०४/१६ मा दर्ता भएको **प्रा.लि.नं. १५२८३१** को **शु लन्ड्री हाउस प्रा. लि.** को मिति २०८३/०५/०७ मा सम्पन्न विशेष साधारणसभाको निर्णयले कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

**लिक्वीडेटरः गोपाल खतिवडा (इजाजत नं. ६१५)**
**ठेगानाः का.म.न.पा.-९, काठमाण्डौ**
**सम्पर्कः ९८६३५४२२९०**


## व्यवसायी विश्वकर्मालाई मातृशोक

**काठमाडौं /मस-** वैदेशिक रोजगार व्यवसायी प्रेम विश्वकर्मालाई मातृशोक परेको छ। बसुन्धारास्थित तुलसी इन्टरनेसनल इम्प्लोइमेन्ट एजेन्सी प्रा.लि.का प्रबन्ध निर्देशक तथा नेपाल वैदेशिक रोजगार व्यवसायी संघ कार्यसमितिका पूर्वसदस्य विश्वकर्माकी आमा पूर्णकला विश्वकर्माको निधन भएको हो । विश्वकर्माको बिहीबार लमजुङमा ७७ वर्षको उमेरमा निधन भएको पारिवारिक स्रोतले जनाएको छ । स्व. विश्वकर्माका १ छोरी र ३ छोरा रहेका छन् ।




**भावपूर्ण श्रद्धाञ्जली**



जन्म
वि.सं. २००८/०२/२३

स्वर्गारोहण
वि.सं. २०८३/०५/०९

**स्व. लखन साह हलुवाई**

हाम्रा सहकर्मी श्री राम नारायण साहको पूजनीय पिता **श्री लखन साह हलुवाईको** स्वर्गारोहण भएको आज १३औं पुण्यतिथिमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनप्रति भावपूर्ण समवेदना प्रकट गर्दछौं ।

सिद्धार्थ बैंक परिवार
Siddhartha Bank



**VACANCY ANNOUNCEMENT**

**Bajarang Plastic Industries invites applications for Specialized Technical and Industrial Consultant – Plastic Manufacturing & Industrial Development.**

**Salary : Negotiable**

**Job Description :**
The candidate will provide specialized expertise in plastic manufacturing, industrial plant establishment, production-process development, machinery and raw-material sourcing, and technical troubleshooting. Applicants must possess at least a **Bachelor of Science in Civil Engineering or an equivalent technical qualification**, along with **5 years of specialized practical experience** in industrial operations, manufacturing, plant establishment, machinery, production processes or related sectors. Experience in international sourcing and technology transfer will be preferred.

**Deadline for applications : 15 days from publication of the vacancy**
***Note: Preference will be given to Nepali candidates.***

BAJARANG Plastic INDUSTRIES
**Khajura-3, Banke, Lumbini**
**Contact Number : +977 9851001988**
**Email : bajaranggaplastic@gmail.com**



**मलेसियामा रोजगार**
कम्पनीः SHYAN TRADING SDN. BHD. शहरः MALAYSIA
पूर्व स्वीकृत मितिः २०८२/१२/२२ चलानी नं.: ६०२५३८४७ L.T. No.:340400 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker/Factory Worker | 2 | 0 | स. काममा दक्ष | 1700 | ६३४६१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ २७ गते (12 September 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Govt. Lic No.: 1342/074/75
MUSKAN OVERSEAS PVT.LTD
Townplanning, Samakhusi-26, Kathmandu, Nepal
Phone : +977-01-4959026/4963094, Email : muskanoverseas786@gmail.com
Web: www.muskanoverseas.com, Toll Free/Hotline - 18105000331



**UAE मा अवसर** Company : Professional Security Systems LLC
पुनः विज्ञापन, पुर्व स्वीकृती मितिः २०८२/९/१४ चलानी नं.: ६०२४९७६९ LT No.: 336197

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 14 | 15 | काममा दक्ष | 2000 | ७४,७००।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Security Guards | 44 | 19 | काममा दक्ष | 1200 | ४४,८१५।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले तिर्ने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,५९६/- कामदार आफैले | रु. १,५००/- कामदार आफैले | रु. ७००/- कामदार आफैले | निःशुल्क |

**अन्तरवार्ता २०८३ भाद्र २७ र २८ गते (12 & 13 Sept., 2026) विर्तामोडमा हुनेछ ।**

Gov. Lic. No.: 889/067/068
Job Plus Careers Overseas Pvt. Ltd.
(Orchid Overseas Pvt. Ltd.)
Gaushala-9, Kathmandu, Tel. : 01-5913651, 5913652, 9801055523
Email : jobplus.careers@gmail.com



**कुवेत र कतारमा रोजगार**
कम्पनीः QUICK FUEL CO. FOR TRANSPORTING LIQUIDS, LIQUIDS GAS AND CHEMICALS MATERIALS शहरः KUWAIT
पूर्व स्वीकृत मितिः २०८२/०२/२२ चलानी नं.: ६०२३९२३० LT. No.:325293 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Drivers | 30 | 0 | स. काममा दक्ष | 180 | ८८४६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : NILA CATERING RESTAURANT शहर : DOHA
पूर्व स्वीकृत मितिः २०८१/०७/०२ चलानी नं.: ६०२२६७८८ LT. No.:312273 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kebab Maker (Cook) | 1 | 0 | स. काममा दक्ष | 1600 | ६६२२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ २७ गते (12 September 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि शुल्क |

Lic No.: 954/067/068
VARSHA MANPOWER PVT. LTD.
Basundhara, Kathmandu, Nepal, Tel : 01-5906944, 5908044, 9803903060 (Rabin Megale Magar)
Email: info@varshanepal.com, Website: www.varshanepal.com



**साउदीमा रोजगार**
कम्पनीः Ahmed Saif Mohammed Al-Dabash Al-Qahtani Factory for Industry शहरः SAUDI
पूर्व स्वीकृत मितिः २०८२/१०/२५ चलानी नं.: ६०२५२१२५ LT. No.: 338620 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Drivers | 3 | 0 | स. काममा दक्ष | 1800 | ७२३२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ २८ गते (13 September 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० |

License No. 127/055/056
Worldwide Employment Consultant P. Ltd.
Tokha-10, Kathmandu Nepal, Phone No: 00977-1-4958795, 4955696
P O Box No.: 77Email: info@wwhr.com.np, wwpspa@hotmail.com
Website: www.wwhr.com.np



**साइप्रसमा रोजगार**
कम्पनीः RED PANDA EMPLOYMENT PRIVATE EMPLOYMENT AGENCY शहरः CYPRUS,LIMASSOL
पूर्व स्वीकृत मितिः २०८३/०२/२५ चलानी नं.: ६०२५६४२५ LT. No.: 342703 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | EMPLOEE | 7 | 0 | स. काममा दक्ष | 700 | १२२५७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ २७ गते (12 September 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० |

License No.: 1406/074/075
KALINCHOK H. R. PVT. LTD.
G.P.O. Box: 12447, Tokha-10, Samakhusi, Kathmandu, Nepal.
Tel: 01-4980649/9701012533 /9801081748 /9851136852 Email: info@kalinchokhr.com.np

खेल कूटनीति

# सीमापारिको मानवता




● टीएस ठकुरी

*नेपाल-तिब्बत सीमावर्ती भूगोलमा हिमपहिरोपछि आएको भीषण बाढीले विनाश मच्चाइरहँदा हजारौं माइल टाढाबाट बजेका फोन र म्यासेज औपचारिक सोधपुछ थिएनन् । ती खेलकुदले गाँसेको विश्वव्यापी आत्मीयताका साक्षी थिए । म्याराथनको धावनमार्गमा सुरु भएको मित्रता आज सीमापारिको मानवीय संवेदना र जलवायु संकटविरुद्धको ऐक्यबद्धता बनिरहेका छन् ।*

२६ अगस्टको बिहान नेपाल-तिब्बत सीमावर्ती पहाडमा हिमपहिरो र बाढीले विनाश मच्चाइरहेका बेला हजारौं माइल टाढाका सहरहरूबाट नेपालतर्फ चिन्ताका सन्देश आइरहेका थिए । लाओसको भियन्टिनदेखि सर्बियाको बेलग्रेड, अमेरिकाको लसभेगास र न्युयोर्कदेखि जापानको ओसाकासम्मका शुभेच्छुकहरू एउटै प्रश्न सोधिरहेका थिए, 'तिमी र तिम्रो परिवार सुरक्षित छ नि ?' भूगोल फरक थियो, भाषा फरक थियो, तर त्यो दिन संसारभरको चिन्ता एउटै थियो, नेपाल ।

पश्चिम भोटेकोशीले रसुवामा भीषण बाढीको कहर सुरु हुँदा मेरो मोबाइलमा एउटा म्यासेज आयो, 'मैले भीषण बाढीको समाचार हेरें । तिमी र तिम्रा पारिवारिक सदस्य सबै सन्चै छौ ?' लाओसको राजधानी भियन्टिनबाट थाउनी सेनेयाकोनले म्यासेज पठाएकी रहिछन् । उनी भियन्टिन इन्टरनेसनल म्याराथनकी इभेन्ट अपरेसन म्यानेजर हुन् । उनीसँग केहीबेर ह्वाट्सएपमा म्यासेज आदानप्रदान भयो । लगत्तै युरोपको देश सर्बियाबाट बेलग्रेड म्याराथनका संस्थापक डेजनले पनि चिन्ताकै शैलीमा म्यासेज गरे ।

भीषण बाढीपहिरोले २६ अगस्टको बिहानैदेखि विध्वंस मच्चाउन सुरु गरिसकेको थियो । बेलुकीतिर विदेशी साथीहरूका म्यासेज लगातार आउन थाले । रसुवामा बाढीपहिरोले विनाश मच्चाउँदा कैयौं घर बगिरहेका थिए, परिवार उजाडिएका थिए, आफ्ना प्रियजन गुमाएकाहरूको आँसु बगिरहेको थियो ।

नेपालभित्र मात्र नभई पीडा र चित्कारको खबर एकैपटक संसारभर फैलिइरहेको थियो । विभिन्न देशका साथीहरूबाट मेरो मोबाइलमा लगातार म्यासेज आउन थाले । ल्यापटप लिएर काम गर्न सुरु गरेको थिएँ, विदेशी साथीहरूका म्यासेज पनि निरन्तर आइरहेको देखें । म साथीहरूलाई निरन्तर जवाफ फर्काइरहेको थिएँ ।

बाङ्सेन म्याराथन, थाइल्यान्डका रेस डाइरेक्टर रुटसँग प्राकृतिक विपत्तिले नेपालमा निम्त्याएको दुःखबारे कुराकानी हुँदै थियो । उनले वर्ल्ड रनिङको साझा संस्था एसोसियसन अफ इन्टरनेसनल म्याराथन एन्ड डिस्टेन्स रेस (एम्स)का प्रेसिडेन्ट पाको बोराओ र महासचिव रेनालाई एकपटक यससम्बन्धमा विस्तृत जानकारी गराउन सुझाए । आफूले नेपालका लागि सक्दो सहयोग जुटाउने आश्वासन पनि दिए । उनले फेरि सोधे, 'नेपालको अन्य ठाउँको अवस्था कस्तो छ ? तिमी र तिम्रो परिवार सुरक्षित छौ नि ?'

सामान्य समयमा भएको भए यस्तो प्रश्न सामान्य शिष्टाचारजस्तो लाग्थ्यो । तर, विपत्तिको समयमा विदेशबाट देखाइएका चासो ठुलो आत्मीयता लाग्दो रहेछ । मलाई यस्तै महसुस भयो ।

२७ अगस्ट बिहानै एम्स प्रेसिडेन्ट पाको बोराओको सन्देश आयो । उनले मेरो हालचाल मात्र सोधेनन्, नेपालमा भएको मानवीय क्षतिप्रति गहिरो दुःख व्यक्त गरे । अझ महत्त्वपूर्ण कुरा, उनले एम्स परिवारका सदस्यहरूलाई नेपालका बाढीपहिरो पीडितका लागि अन्तर्राष्ट्रिय रेडक्रससमार्फत यथाशक्य सहयोग गर्न आग्रह गर्दै वक्तव्यसमेत जारी गरे ।

मलाई लाग्यो, म्याराथनले बनाएको सम्बन्धको वास्तविक अर्थ सायद यही हो । हरेकपटक म्याराथन फिनिसिङ लाइनमा अन्त्य हुन्छ । सम्बन्ध भने कहिल्यै अन्त्य हुँदैन । झन् प्रगाढ बन्दै जाँदो रहेछ ।

अमेरिकाको लसभेगासबाट एम्सका कोषाध्यक्ष अल बोकाले नेपालमा भइरहेको भयावह विपत्ति देखेर आफू अत्यन्तै दुःखी र मर्माहत भएको टेक्स्ट गरे । नेपाल र नेपाली जनतासँग आफ्नो मन, विचार र प्रार्थना रहेको बताउँदै उनले पछिल्लो अवस्थाबारे चासो राखे । उनले नेपालमा दौड संस्कृतिको विकास तथा प्रवर्धन गर्ने अभियानलाई निरन्तर अघि बढाइरहन पनि आग्रह गरे ।

इस्टोनियाबाट एम्सका महासचिव रेना निल्सले नेपालले व्यहोर्नुपरेको विनाशकारी विपत्तिबाट आफू अत्यन्त दुःखी भएको बताइन् । यस विपत्तिबाट प्रभावित सम्पूर्ण नेपालीप्रति गहिरो सहानुभूति रहेको उनको भनाइ थियो । एम्सले आफ्ना विभिन्न सञ्चारमाध्यममार्फत यस अवस्थाबारे जानकारी गराइसकेको थियो । नेपालमा जारी आपत्कालीन राहत र उद्धार प्रयासमा सहयोग पुऱ्याउन आफ्ना सदस्य तथा विश्वभरको दौड समुदायलाई सहयोग तथा आर्थिक योगदान गर्न आग्रह गरिएको थियो । 'यस अत्यन्तै कठिन समयमा हामी नेपालका जनता र सम्पूर्ण नेपाली दौड समुदायको साथमा छौं,' रेनाले भनिन् ।

अमेरिकाको सिकागोबाट बैंक अफ अमेरिका सिकागो म्याराथनका प्रमुख सञ्चालन अधिकृत माइक निसीले बाढीका कारण उत्पन्न भयावह अवस्थाबारे आइरहेका दुःखद समाचारले आफैंलाई बेचैन भइरहेको बताए । अस्ट्रेलियाको सिड्नी पुगेका मास पार्टिसिपेसन वर्ल्ड (सिंगापुर)का संस्थापक एवं सिइओ क्रिस रोबले यो दुःखद र त्रासदीपूर्ण समयमा नेपालप्रति माया दर्शाए । बेलुकीतिर न्युयोर्कबाट वन ग्लोबल माइलका संस्थापक जोन बोकाको सन्देश आयो । नेपालका लागि अन्तर्राष्ट्रिय रेडक्रसले स्थापना गरेको सहयोग रकम संकलन गर्ने माध्यम फेला पारेको र साथीहरूलाई सेयर गरिरहेको बताए । वन ग्लोबल माइलको सामाजिक सञ्जालमार्फत पनि आह्वान गर्ने उनले बताइरहेका थिए ।

ओसाका म्याराथन, जापानका कार्यकारी निर्देशक अकिराले पनि नेपालमा अचानक आएको विपत्तिबाट प्रभावित सम्पूर्ण मानिसका बारेमा सुन्दा अत्यन्त दुःखी भएको सन्देश पठाए । माल्दिभ्स हाफ म्याराथनका रेस डाइरेक्टर सुजाउले पनि सम्झिएर म्यासेज पठाए । कम्बोडियामा रनिङ संस्कृतिको विकासमा ठुलो योगदान दिँदै आएका सेम फल्लाले नेपालका लागि आर्थिक सहयोग जुटाउन लागेको उल्लेख गरे । संखला म्याराथनका प्लेन्सिङ्चाइले नेपालको पीडामा ऐक्यबद्धता जनाए । भियतनामबाट हनोइ इन्टरनेसनल म्याराथनकी ट्रानले पनि म्यासेज गरिन् । म्यासेज आउने क्रम अझै रोकिएको छैन । थाइल्यान्ड, स्पेन, अमेरिका, इस्टोनिया, सर्बिया, अस्ट्रेलिया, जापान, माल्दिभ्स, कम्बोडिया, भियतनामलगायत संसारका अन्य धेरै देशबाट म्यासेज आइरहेका छन् ।

देश फरक । सहर फरक । भाषा फरक । संस्कृति फरक । यतिबेला चिन्ता भने एउटै छ-नेपालका लागि प्रार्थना ।

मैले सबैलाई एउटै जवाफ दिइरहेको छु- म र मेरो परिवार सुरक्षित छौं । हामी नेपालको दक्षिण-पश्चिम क्षेत्रमा बस्छौं । बाढीपहिरो आएको उत्तरी भेगमा हो । त्यसको असर तल्लो भेगका केही ठाउँमा पनि परेको छ । तर, नेपालको ठुलो भूभाग र नागरिक सुरक्षित छन् । जलवायु परिवर्तनको असर मेरो देशलाई भारी परिरहेको छ । नेपालले धेरै कम कार्बन उत्सर्जन गर्छ, तर विश्वव्यापी जलवायु परिवर्तनको मारमा नेपाली पर्नुपरेको छ ।

रसुवामा रोइरहेको परिवार र नेपालगन्जमा बसिरहेको मेरो परिवारबीच ठुलो दूरी छैन । नेपालको एउटा कुनामा बगेको आँसु अर्को कुनामा बस्ने नेपालीको पनि आँसु हो । सायद यही अनुभूतिले संसारभरका हाम्रा साथीहरूको मन छोएको हो ।



लामो समयदेखि म म्याराथनसँग जोडिएको छु । नेपालगन्ज म्याराथन सुरु गर्दा हाम्रो सपना एउटा दौड आयोजना गर्ने मात्र थिएन । हामी दौडलाई समाजसँग जोड्न चाहन्थ्यौं । समुदायलाई म्याराथनसँग जोड्न चाहन्थ्यौं । नेपाललाई संसारको बृहत् दौड समुदायसँग जोड्न चाहन्थ्यौं । त्यो यात्रा कहाँसम्म पुग्ला भन्ने हामीलाई त्यतिबेला थाहा थिएन । आज फर्केर हेर्दा लाग्छ, दौडले हामीलाई सोचेभन्दा धेरै कुरा दिएको रहेछ । मित्रता, सम्बन्ध, विश्वास र संकटको समयमा एकअर्काको साथ दिने एउटा विश्व परिवार । सायद नेपालगन्ज म्याराथनले प्राप्त गरेको एम्स सोसल अवार्ड २०२६ हाम्रा लागि एउटा पुरस्कार मात्र थिएन ।

म नेपालका लागि एम्स दूतका रूपमा काम गरिरहेको छु । त्यसैले आज नेपालको दुःखमा एम्स परिवारका साथीहरू यसरी जोडिँदा यसको अर्थ मेरो लागि अझ गहिरो छ । दौडको मैदानमा बनाएको सम्बन्ध अहिले मानवीयताको मैदानमा देखिएको छ ।

एउटा म्याराथनमा हजारौं मानिस एउटै सडकमा दौडन्छन् । धर्म फरक हुन्छ, भाषा फरक हुन्छ, राष्ट्रियता फरक हुन्छ । आर्थिक अवस्था फरक हुन्छ । जीवनकथा अर्कै हुन्छ । तर दौड सुरु भएपछि सबैको एउटा साझा लक्ष्य हुन्छ- अगाडि बढ्ने । फिनिस लाइन छुने । सायद मानव जीवन पनि यस्तै हो । हामी सबै फरक बाटोबाट आएका छौं । हाम्रा कथा फरक छन् । हाम्रा सपनाहरू फरक छन् । तर अन्ततः हामी सबै पृथ्वीका यात्रु हौं ।

तसर्थ रसुवाको विपत्तिले मलाई अर्को प्रश्न पनि सोधिरहेको छ, हामीले यो पृथ्वीलाई कस्तो अवस्थामा छोड्दै छौं ? जलवायु परिवर्तनको विषय किताबका पानामा सीमित विषय रहेन । असामान्य वर्षा, बाढी, पहिरो, हिमपहिरो, अत्यधिक गर्मी र मौसममा देखिएको अस्वाभाविक परिवर्तनले हामीलाई बारम्बार चेतावनी दिइरहेको छ । नेपालजस्ता हिमाली देशहरू यसको असरबाट अझ बढी जोखिममा छन् । हिमाल पग्लिँदै छन् । वर्षाको ढाँचा बदलिँदै छ । पहाडहरू जोखिममा छन् । प्राकृतिक विपत्तिको स्वरूप बदलिँदै छ ।

हामीले अब दौडलाई स्वास्थ्य र प्रतिस्पर्धाको विषय मात्र बनाएर पुग्दैन कि जस्तो लाग्दै छ । किनकि अब दौड पृथ्वीका लागि पनि हुनुपर्छ । त्यसैले नेपालगन्ज म्याराथन, गौघाट ग्रिन रन, राप्तीसोनारी नेचर रन, काठमाडौं२५ हेरिटेज रेसलगायत अभियानलाई हामी वातावरण, प्रकृति र जलवायु सचेतनासँग जोड्दै अघि बढ्दै छौं । दौडसँग वृक्षारोपण र वातावरण संरक्षण जोड्दै छौं । प्लास्टिक न्यूनीकरणलाई व्यवहारमा उतार्दै छौं । युवा र विद्यार्थीलाई जलवायु सचेतनासँग जोड्दै छौं । स-साना बालबालिकालाई प्रकृतिसँग जोड्दै छौं । समुदायलाई आफ्नो वातावरणप्रति जिम्मेवार बनाउँदै छौं ।

हामीले एउटा बिरुवा रोप्दा त्यो सँगै भविष्य रोपिरहेका हुन्छौं । एउटा प्लास्टिकको बोतल प्रयोग नगर्दा बोतल मात्र बचाएका हुँदैनौं, पृथ्वीप्रतिको आफ्नो जिम्मेवारी पूरा गर्ने सानो प्रयास पनि गरिरहेका हुन्छौं । दौडिरहेका बेला केही किलोमिटर मात्र पूरा गरिरहेका हुँदैनौं, एउटा विचारलाई अगाडि बढाइरहेका हुन्छौं । मानवता, जिम्मेवारी र परिवर्तनको विचार ।

रसुवाको विपत्तिपछि आएका ती सन्देशले मलाई एउटा कुरा सिकाएको छ- संसार वास्तवमै त्यति ठुलो रहेनछ । न्युयोर्कमा बसेको मान्छेको मन नेपालका पहाडसम्म पुग्न सक्छ । लसभेगासबाट आएको म्यासेजले काठमाडौंको दुःख बुझ्न सक्छ । ओसाकाबाट आएको एउटा शब्दले रसुवाको पीडा महसुस गर्न सक्छ । थाइल्यान्डबाट आएको प्रश्नले नेपालगन्जमा बसेको परिवारलाई 'हामी एक्ला छैनौं' भन्ने अनुभूति दिन सक्छ । सायद, यही नै म्याराथनको शक्ति हो । खेलकुदको शक्ति हो । सँगै दौडिरहेको मान्छे तपाईंको देशको नहुन सक्छ । तर, संकटको समयमा ऊ तपाईंको सबैभन्दा नजिकको साथी बन्न सक्छ । त्यसैले खेलकुदलाई खेल मात्र भनेर बुझ्नु अधुरो बुझाइ हुनेछ । खेलकुद समाज हो । सम्बन्ध हो । संवाद हो । कूटनीति हो । समग्रमा मानवता हो । कहिलेकाहीँ दौडले जित्ने मेडलभन्दा ठुलो कुरा जितिरहेको हुन्छ, मान्छेको मन ।

आज नेपाललाई सहयोगको आवश्यकता छ । सरकार, निजी क्षेत्र, नागरिक समाज र अन्तर्राष्ट्रिय समुदाय सबैको साथ आवश्यक छ । कहिलेकाहीँ आर्थिक सहयोगभन्दा पनि ठुलो कुरा एउटा भावना हुन्छ, 'तिमी एक्लो छैनौ' भन्ने सन्देश । म सबै अन्तर्राष्ट्रिय समुदायका साथीहरूलाई हृदयदेखि धन्यवाद दिन चाहन्छु । तपाईंहरू हजारौं किलोमिटर टाढा हुनुहुन्छ । तर, तपाईंहरूको एउटा म्यासेजले दूरी घटाइदिएको छ । आत्मीयता बढाइदिएको छ । पीडामा रहेका नेपालीलाई संसारले सम्झिरहेको छ भन्ने अनुभूति दिलाएको छ ।

व्यक्तिगत रूपमा म र मेरो परिवार सुरक्षित छौं । तर, मेरो देशका धेरै परिवार शोक र पीडामा छन् । तर, हामी दौडिरहनेछौं- नेपालका लागि, मानवताका लागि, पृथ्वीका लागि । र, अब हाम्रो गन्तव्य केवल फिनिस लाइन हुनेछैन । त्यस्तो समाजतर्फ दौड्नुपर्नेछ जहाँ विपत्तिमा कोही एक्लो नहोस् । त्यहाँ दौडनेछौं जहाँ देशको सीमा मानवताको सीमाभन्दा अग्लो नहोस् । त्यस्तो भविष्यतर्फ दौडनेछौं जहाँ विकास र प्रकृतिबीच युद्ध नहोस् । त्यस्तो पृथ्वीतर्फ दौडनेछौं जहाँ हाम्रा सन्तानले हामीले भन्दा सुन्दर संसार पाऊन् ।

त्यसैले त भनिएको हो, म्याराथनको सबैभन्दा ठुलो जित फिनिस लाइनमा पुग्नु मात्र होइन । आफू दौडेको बाटोमा कसैलाई पछाडि नछोड्नु पनि हो । जीवनको सबैभन्दा सुन्दर दौड पनि सायद यही हो ।

**(ठकुरी एम्सका सद्भावना दूत तथा नेपालगन्ज म्याराथनका संस्थापन अध्यक्ष हुन् ।)**

समाजशास्त्र

# नाता-सम्बन्धको वास्तविक मर्म



■ अर्जुन सापकोटा

*भौतिक नाता-सम्बन्ध निश्चित समय र प्रारब्धअनुसार टिकेका हुन्छन्, जुन जीवनसँगै वा व्यवहार नमिल्दा समाप्त हुन सक्छन् । तर, परमात्मासँगको नित्य नाता अटल रहन्छ । संसारी सम्बन्ध जोगाउन मनको आसक्ति होइन, निःस्वार्थ र कुशल व्यवहार चाहिन्छ भने ईश्वर प्राप्तिका लागि चोखो मनको समर्पण अनिवार्य हुन्छ । दुवैको सन्तुलन नै मानव जीवनको मुख्य लक्ष्य हो ।*

नाता वा सम्बन्ध भन्नाले दुई वा सोभन्दा बढी व्यक्तिबीच भावनात्मक, जैविक वा कानुनी रूपमा जोडिने साइनो वा आबद्धतालाई बुझिन्छ । यसले दया, माया, विश्वास, साथ-सहयोग र उत्तरदायित्वमार्फत मानिसलाई एकताबद्ध बनाउने काम गर्छ । मानव जीवन र समाजलाई व्यवस्थित, सुरक्षित, मर्यादित र अर्थपूर्ण बनाउन नाता-सम्बन्धको महत्त्वपूर्ण भूमिका हुन्छ । यसले व्यक्ति, परिवार र सम्पूर्ण समाजको भौतिक तथा मनोवैज्ञानिक आवश्यकता पूरा गर्न ठुलो मद्दत पुऱ्याउँछ ।

संसारमा मानिसलाई मानसिक रूपमा स्वस्थ र सुरक्षित राख्न भावनात्मक सहारा चाहिन्छ । अप्ठ्यारो पर्दा आर्थिक, भौतिक वा श्रमदानमार्फत एक-अर्कालाई सहयोग गर्ने आधार पनि सम्बन्ध नै हो । यसका साथै समाजमा मेलमिलाप, अनुशासन र सामूहिक एकता कायम राख्न, बालबालिका तथा वृद्धवृद्धाको संरक्षण गर्न अनि रीतिरिवाज र नैतिक मूल्य-मान्यता एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण गर्न नाता-सम्बन्ध अपरिहार्य मानिन्छ ।

व्यावहारिक र आध्यात्मिक दृष्टिले मानव जीवनमा देखिने नाता-सम्बन्धलाई मुख्यतया तीन भागमा विभाजन गरेर हेर्न सकिन्छ ।

**जन्मजात नाता (रगतको सम्बन्ध)**

जन्मसँगै स्वतः स्थापित हुने वंशाणुगत सम्बन्ध जन्मजात नाता हो, जस्तै बुबा, आमा, छोरा, छोरी, दाजु, भाइ, दिदी र बहिनी । यो सम्बन्ध मानिसले आफ्नो इच्छाले चाहेर पनि बदल्न वा फेर्न सक्दैन । जन्मिसकेपछि अभिभावक वा सहोदर दाजुभाइ-दिदीबहिनी परिवर्तन हुन सम्भव छैन । भौतिक शरीर रहेसम्म मात्र यसको आयु रहन्छ र मृत्युपश्चात् शरीर समाप्त भएसँगै यो सम्बन्ध पनि सदाका लागि अन्त्य भएर जान्छ ।

**सम्पादित नाता**

यस धर्तीमा जन्म लिइसकेपछि निर्मित हुने वा जोडिने सम्बन्धहरू सम्पादित नाता हुन् । विवाहको माध्यमबाट जोडिने पति, पत्नी, सासू, ससुरा, जेठाजु, देवर, नन्द, बुहारी, साला, सालीजस्ता पारिवारिक साइनो यसभित्र पर्छन् । त्यसैगरी सामाजिक रूपमा गाँसिने मित्रता, मित-मितेरी, धर्मपुत्र-धर्मपुत्री तथा गुरु-चेलाको सम्बन्ध पनि सम्पादित नातै हुन् । यस्ता नाता समाप्त हुन मृत्यु नै पर्खिनुपर्दैन । दुर्व्यवहार, मनमुटाव, विचार र चरित्रको अमेल वा लामो समयको दूरीका कारण जीवन छँदै पनि यस्ता सम्बन्ध बीचैमा टुट्न वा समाप्त हुन सक्छन् ।

**नित्य नाता**

नित्य नाता भनेको कहिल्यै नाश नहुने, सर्वदा अटल र शाश्वत सम्बन्ध हो । यो समय, परिस्थिति र भौतिक शरीरको सीमाभन्दा धेरै माथि हुन्छ । परमात्मा र जीवात्माबीचको सम्बन्ध नै नित्य नाता हो । शरीरको अस्तित्व आत्माबिना रहन सक्दैन भने आत्माको नित्य आधार परमात्मा हुन् । हामी शरीर नभई आत्मा भएकाले हाम्रा नित्य नाता केवल परमात्मा हुन् ।

तसर्थ जन्मजात र सम्पादित



नाता-सम्बन्धको स्वरूप क्षणिक मानिन्छ । भौतिक शरीरसँग जोडिएका यी सम्बन्ध संसारमा जीवले सहज ढंगले व्यावहारिक जीवन चलाउन प्रारब्धअनुसार केही समयका लागि प्राप्त भएका हुन् । यस्ता क्षणिक सम्बन्धलाई नै वास्तविक र स्थायी मान्नु ठुलो भ्रम हो ।

हामीलाई यो दुर्लभ मानव देह प्राप्त हुनुको मुख्य उद्देश्य अनन्त जन्मदेखि बिग्रिएका कुराहरू सुधार्नु हो । शास्त्रहरूका अनुसार ८४ लाख जुनीमा भट्किरहेको जीवलाई मानव शरीर प्रदान गर्नु ईश्वरको पहिलो ठुलो कृपा हो भने ईश्वरप्राप्तिका मार्ग देखाउने वास्तविक महापुरुष वा सद्गुरुसँग मिलन गराउनु अन्तिम कृपा हो । ईश्वरसँग जीवको प्रत्यक्ष सम्पर्कको सुविधा नभएकाले महापुरुषको आज्ञा र मार्गदर्शनमार्फत मात्र मानिस परमात्माको नजिक पुग्न सक्छ ।

मानव जीवनमा हामीले एउटा आधारभूत कुरा बुझ्न नितान्त आवश्यक छ- संसारी नाता-सम्बन्ध जोगाउन 'कुशल व्यवहार' चाहिन्छ भने नित्य नाता अर्थात् ईश्वर प्राप्तिका लागि 'मनको लगाव' चाहिन्छ ।

तर, प्रायः मानिसहरू यसको ठीक उल्टो गरिरहेका हुन्छन् । हामी मनद्वारा संसारमा मोह, माया, राग र द्वेष गर्छौं, तर पूजा, पाठ, व्रत र तीर्थजस्ता शारीरिक व्यवहार मात्र ईश्वरका लागि गर्ने गर्छौं । वास्तवमा संसारलाई मनको आसक्ति चाहिएकै छैन । संसारमा त केवल इमानदारी, सम्मान, दया, करुणा, खुला संवाद, पारदर्शिता र सहयोगजस्ता कुशल व्यवहार भए सजिलै काम चल्छ । मनलाई संसारमा अति आसक्त बनाएकै कारण मानिसले यसै जीवनमा अनेक प्रकारका दुःख र कष्टहरू भोग्नुपरेको हो ।

संसारका जन्मजात र सम्पादित नाताहरूलाई जोगाउन उनीहरूप्रति आफ्नो कर्तव्य पूरा गर्दै तटस्थ र सकारात्मक व्यवहार गरे पुग्छ । अरूप्रति दुर्भावना नराखी, कसैको निन्दा नगरी र आफ्नो मनलाई नमैल्याई संसारमा दायित्व निर्वाह गर्नुपर्छ । संसारमा कसैप्रति धेरै राग वा द्वेष गर्नुको परिणाम एउटै हुन्छ- पुनर्जन्म र मृत्युको चक्रमा अलमलिनु । त्यसैले संसारमा तटस्थ व्यवहार गरेर अनासक्त रहन सिक्नुपर्छ ।

अर्कोतर्फ, नित्य नाता अर्थात् परमात्मालाई प्राप्त गर्न मनैदेखि अहंकाररहित भएर साँचो प्रेम र समर्पण अर्पण गर्नुपर्छ । जब मानिसको मन ईश्वरका नाम, रूप, गुण, लीला र धाममा रमाउन थाल्छ, तब संसारको अनित्य आसक्ति स्वतः छुट्दै जान्छ र मन शुद्ध हुँदै जान्छ ।

निष्कर्षमा भन्नुपर्दा, संसारी नाता-सम्बन्धलाई अधिकार वा अहंकारले होइन, निःस्वार्थ कुशल व्यवहारले सिञ्चित गर्नुपर्छ । अरूबाट सम्मानको आशा नराखी सबैलाई सम्मान दिने गुणको विकास गर्दा पराई पनि आफ्ना हुन्छन् । आफ्ना लौकिक सम्बन्धप्रति दायित्व निर्वाह गर्दै मनलाई परमात्मातर्फ मोड्नु नै मानव चोलाको वास्तविक सफलता हो । एक नाताले अर्को नातालाई आफ्ना नित्य नाता 'परमात्मा'सँग जोड्ने अभ्यास गरियो भने मात्र हामी सबैको कल्याण हुन्छ ।

**(सापकोटा जब्सपट इन्टरनेसनल प्रा.लि.का सञ्चालक हुन् ।)**

# रौतहटका सीमावर्ती नाकाबाट भित्रिँदै भारतीय अण्डा

**इसत्याक अहमद/मध्यान्ह**
रौतहट, १९ भदौ



रौतहटका सीमावर्ती नाकाबाट अवैध रूपमा भारतीय अण्डा नेपाल भित्रिने गरेको स्थानीय पोल्ट्री व्यवसायीले बताएका छन् । भारतीय सीमा नाकाबाट सेतो अण्डा अवैध रूपमा नेपाल भित्रिएका कारण स्थानीय उत्पादनले बजार पाउन नसकेको व्यवसायीको आरोप छ । आफूहरूले करोडौं लगानी गरेर पोल्ट्री व्यवसाय गरेको तर अवैध अण्डा आयातका कारण स्थानीय उत्पादनले बजार पाउन नसकेको व्यवसायीले बताउँछन् ।

ईशनाथ नगरपालिका-९ स्थित ए वन पोल्ट्री फार्मका सञ्चालक मोहम्मद अफरोज आलमले सीमावर्ती क्षेत्रमा भारतीय अण्डाको अवैध आयात बढ्दा स्थानीय उत्पादन बिक्री हुन नसकेको बताए । स्थानीय किसान तथा फार्म सञ्चालकहरूले ठुलो लगानी गरेर उत्पादन गरे पनि सीमापारिबाट सस्तोमा अण्डा भित्रिँदा स्थानीय उत्पादनले बजार र मूल्य पाउन नसकेको उनको दाबी छ ।

राजदेवी नगरपालिका-१ स्थित रोहित कृषि एन्ड पोल्ट्री फार्मका सञ्चालक रामेश्वर साह भारतीय अण्डाको अवैध आयातका कारण नेपाली अण्डा बिक्री हुन छाडेको बताउँछन् । यस्तै, गरुडा नगरपालिका-४ स्थित श्रीसृष्टि अण्डा सप्लायर्सका सञ्चालक राजन जयसवालले पनि भारतीय अण्डा आयातले व्यपारमा असर गरिएको बताए ।

राजपुरस्थित बरकत अण्डा सप्लायर्सका सञ्चालक मोहम्मद अजमतुल्लाहले ऋण लिएर व्यवसाय सुरु गरेको भए पनि सीमापारिबाट कर छलेर अण्डा ल्याइँदा आफूहरूले प्रतिस्पर्धा गर्न नसक्ने अवस्था आएको बताउँछन् । उनले भने, 'हामीले ऋण लिएर व्यापार सुरु गरेका छौं । तर, पारिबाट कर छलेर 'सेटिङ'मा अण्डा नेपाल ल्याइँदा हामीले प्रतिस्पर्धा गर्ने अवस्था छैन ।'

ईशनाथ नगरपालिका क्षेत्रका बन्जहरा, औरैया, महुलिया, लतमरी, जयनगर, छोटका घिउरा, खापर रामपुर, नरकटियालगायतका सीमावर्ती नाकाबाट भारतबाट अण्डा नेपाल भित्रिने गरेको व्यवसायीको दाबी छ ।

भारतबाट आउने अण्डा गौर, गरुडा, बंकुललगायत रौतहटका प्रमुख बजारमा बिक्री हुने गरेको उनीहरू बताउँछन् । भारतीय अण्डाको अवैध आयातमा 'सेटिङ' गर्दा निर्वाध रूपमा आयात भइरहेको व्यवसायीको गुनासो छ ।

# सेकुवा बाई किलोद्वारा २० लाख ११ हजार १११ सहयोग



**काठमाडौं/मस-** सेकुवा बाई किलोले बाढीबाट प्रभावित परिवारको राहत तथा पुनर्स्थापनाका लागि २० लाख ११ हजार १११ रुपैयाँ सहयोग गरेको छ । सेकुवा बाई किलोको सम्पूर्ण टिम तथा यसको विभिन्न शाखाका तर्फबाट २० लाख ११ हजार १११ रुपैयाँबराबरको चेक अर्थमन्त्री डा.स्वर्णिम वाग्लेलाई हस्तान्तरण गरिएको हो ।

बाढीका कारण विस्थापित तथा प्रभावित परिवारहरूको दुःखमा साथ दिन मानवीय सेवाको भावनासहित उक्त सहयोग प्रदान गरिएको सेकुवा बाई किलोले जनाएको छ । यसअघि विज्ञान एचआर म्यानेजमेन्ट प्रा.लि.का संस्थापक तथा सञ्चालक वसन्त लामाको पहलमा सोही कम्पनीमार्फत ५१ हजार १११ रुपैयाँ सहयोग रकम बाढीपीडितको सहयोगार्थ हस्तान्तरण गरिएको थियो । भदौ १० गते भोटेकोशीमा आएको विनाशकारी बाढीबाट प्रभावित परिवारहरूको राहत तथा पुनर्स्थापनाका लागि विभिन्न संघ-संस्था र निजी क्षेत्रबाट सहयोग जुट्ने क्रम जारी छ ।

# बुद्ध एयरको नयाँ एटिआर-७२-६०० जहाजबाट व्यावसायिक उडान



**काठमाडौं/मस-** बुद्ध एयरले आफ्नो नयाँ सिरिजको एटिआर-७२-६०० जहाजबाट व्यावसायिक उडान सुरु गरेको छ । शुक्रबार नाइनएन-एओएस कलसाइन भएको उक्त जहाजले काठमाडौंबाट नेपालगन्जका लागि पहिलो व्यावसायिक उडान भरेको हो । ६६ जना यात्रुसहित जहाज बिहान ८ बजेर ६ मिनेटमा काठमाडौंबाट नेपालगन्जका लागि उडान भरेको थियो । बुद्ध एयरले उक्त जहाज गत जुलाई २५मा फ्रान्सको तुलुसबाट नेपाल भित्र्याएको थियो । त्यसपछि आवश्यक प्राविधिक तथा नियामकीय प्रक्रिया पूरा गर्नुका साथै रंगरंगोनका काम सम्पन्न गर्न करिब एक महिना लागेको थियो । यस एटिआर ७२-६०० जहाजको उडान प्रणाली (एभियोनिक्स) पूर्ण ग्लास ककपिट, आधुनिक नेभिगेसन प्रणाली, डिजिटल फ्लाइट म्यानेजमेन्ट र उन्नत सुरक्षा प्रणाली रहेको बुद्ध एयरले जनाएको छ । कम्पनीका अनुसार क्षेत्रीय उडानका लागि प्रयोग हुने यस सिरिजका जहाजले तुलनात्मक रूपमा कम इन्धन खपत गर्ने भएकाले वातावरणमैत्री मानिन्छ । जहाजमा आरएनपी-एआर नेभिगेसन प्रणालीसमेत जडान गरिएको छ, जसले आवश्यक मापदण्ड र प्रक्रियाअन्तर्गत कम भिजिबिलिटीको अवस्था पनि उडान तथा अवतरणलाई थप सहज बनाउँछ ।

यात्रुको सिट, ओभरहेडबिन पहिलेको सिरिजभन्दा ठुलो रहेको छ । जहाजभित्रको बनावट सुधारिएको हुँदा ध्वनि प्रदूषण पहिलाको सिरिजभन्दा निकै कम हुने पनि विज्ञप्तिमा जनाइएको छ । बुद्ध एयरले केही समयभित्र थप एक अर्को एटिआर-७२-६०० सिरिजका जहाज भित्र्याउने तयारी पनि गरेको छ ।

बुद्ध एयरसँग १४ वटा एटिआर-७२-५०० एवं १ वटा एटिआर-७२-६०० जहाज छन् । विगत यता २ वटा एटिआर जहाज उडानबाट बिदाइ गरिसकेको छ । त्यसैगरी एउटा एटिआर ४२-३२० जहाजको थोरै उडान साइकल हुँदा पार्टआउटका लागि युरोपस्थित जहाज कम्पनीलाई बिक्री गरेको थियो । हवाई सेवालाई थप सहज र सरल बनाउने प्रतिबद्धताअनुरूप बुद्ध एयरले आफ्नो बेडामा नयाँ सिरिजको जहाज थप गरेको जनाएको छ । थपिएको जहाजबाट उडान एवं मर्मत तालिकालाई थप सुदृढ बनाउने कम्पनीको भनाइ छ ।

बुद्ध एयरले आन्तरिकतर्फ अहिले दैनिक १४० भन्दा बढी उडान भरिरहेको छ । सडक आवागमन सहज नहुँदासम्म बुद्ध एयरले न्यूनतम तथा सस्तो भाडादरमै उडान सञ्चालन गर्ने पनि जनाएको छ । बुद्ध एयरका कार्यकारी अध्यक्ष वीरेन्द्रबहादुर बस्नेतका अनुसार उक्त भाडादर नेपालीहरूका प्रमुख चाडपर्व दसैं, तिहार तथा छठसम्म कायम रहनेछ । भदौ १०मा रसुवामा आएको भीषण बाढीका कारण राजमार्गलगायत सडक पूर्वाधारमा क्षति पुगेपछि विभिन्न सडक आवागमन प्रभावित भएको छ । नागरिक सहजताका लागि बुद्ध एयरले भाडामा सहुलियत दिन लागेको हो ।

'प्राकृतिक विपत्तिका कारण सडक आवागमनमा समस्या हुँदा हवाई सेतुमार्फत यात्रुलाई सहज आवागमनको विकल्प उपलब्ध गराउनु हाम्रो दायित्व हो,' कार्यकारी अध्यक्ष बस्नेतले भने, 'यसैकारण राजमार्ग सहज नहुँदासम्म न्यूनतम भाडादरमै उडान सञ्चालन गर्ने निर्णय गरेका छौं । बस्नेतका अनुसार सस्तो भाडादरमा उडान सञ्चालन गर्दा कम्पनीले आर्थिक भार व्यहोर्नुपर्ने निश्चित छ । तर, राष्ट्रलाई आवश्यकता परेको अवस्थामा यस्तो कदम चाल्नुपर्ने आफ्नो दायित्व भएको उनको भनाइ छ ।

# रातोपुलस्थित स्यान्को कट्टी रोलले शनिबारको बिक्री रकम राहत कोषमा जम्मा गर्ने




**काठमाडौं/मस-** रातोपुलमा रहेको स्यान्को कट्टी रोलले शनिबारको सम्पूर्ण बिक्री प्रधानमन्त्री दैवीप्रकोप राहत कोषमा योगदान गर्ने भएको छ ।

सञ्चालक विक्रम साहले रसुवा, नुवाकोटलगायतका जिल्लामा निम्तिएको ठुलो विपत्तिले अकल्पनीय मानवीय क्षति पुगेको अवस्थामा राहत तथा पुनर्स्थापनामा सहयोग पुग्ने बताए ।

सरकारको एक्लो प्रयासले नपुग्ने देखिएकाले नागरिकस्तरबाट सहयोग पुर्याउन शनिबारको पूरै बिक्री रकम प्रधानमन्त्री राहत उद्धार कोषमा जम्मा गर्ने साहले बताए । पावर सपोर्ट इम्प्लाईमेन्ट प्रालि नामक वैदेशिक रोजगार कम्पनीसमेत सञ्चालन गरिरहेका साहले म्यानपावर कम्पनीका तर्फबाट उक्त कोषमा सहयोग गरिसकेको र रेस्टुरेन्टका तर्फबाट पनि सक्दो सहयोग गर्ने बताए ।

कट्टी रोलका लागि प्रसिद्ध स्यान्कोले विभिन्न स्वादमा परिकार उपलब्ध गराउँदै आएको छ । साहले शनिबार बिहान १० बजेदेखि राति १० बजेसम्म सेवा सञ्चालन गरिने जानकारी दिए ।

# बर्जर पेन्ट्स नेपालद्वारा ५० लाख सहयोग



**काठमाडौं/मस-** बर्जर पेन्ट्स नेपालले आफ्नो सामाजिक उत्तरदायित्वअन्तर्गत प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा ५० लाख सहयोग हस्तान्तरण गरेको छ ।

प्राकृतिक विपत्तिबाट प्रभावित क्षेत्रमा राहत तथा पुनर्स्थापनाका लागि प्रदान गरिएको उक्त सहयोगले प्रभावित समुदायलाई आवश्यक सहयोग पुग्ने विश्वास कम्पनीले व्यक्त गरेको छ । २५ वर्षदेखि विश्वास र गुणस्तरको पर्याय बन्दै आएको बर्जर पेन्ट्स नेपालले सबैको साझा प्रयास र सहयोगबाट मात्र कठिन परिस्थितिबाट छिट्टै उठ्न सकिने उल्लेख गर्दै समृद्ध नेपाल निर्माणको यात्रामा सधैं प्रतिबद्ध रहने जनाएको छ ।

# एसटिसी ग्रुपको ५० लाख १ हजार सहयोग



**काठमाडौं/मस-** एसटिसी ग्रुपले भोटेकोसी बाढीबाट प्रभावित नागरिकको राहत तथा पुनर्स्थापनाका लागि प्रधानमन्त्री दैवीप्रकोप उद्धार कोषमा ५० लाख १ हजार रुपैयाँ रुपैयाँ सहयोग गरेको छ । उक्त सहयोग रकम अर्थमन्त्री डा. स्वर्णिम वाग्लेलाई हस्तान्तरण गरेको हो ।

प्राकृतिक विपद्बाट प्रभावित नागरिकको तत्काल राहत, उद्धार तथा पुनर्स्थापनामा सहयोग पुर्याउने उद्देश्यले ग्रुपले उक्त रकम प्रदान गर्ने निर्णय गरेको हो । एसटिसी ग्रुपले आधिकारिक वितरक भएर काम गर्दै आएको भारतीय भेरोक इन्टरनेसनल कम्पनीले समेत बाढीपीडितका लागि १० लाख रुपैयाँ सहयोग गरेको छ । दुवै मिलाएर कम्पनीले एकमुष्ठ ५० लाख १ हजार रुपैयाँ हस्तान्तरण गरेको हो । एसटिसी नेपालका प्रबन्ध निर्देशक सुरेन्द्रकुमार उप्रेतीले विपद्को समयमा प्रभावित नागरिकको साथमा उभिनु सबैको साझा दायित्व भएको बताए । 'भोटेकोसी क्षेत्रमा आएको बाढीले धेरै परिवारको जनजीवन प्रभावित बनाएको छ । यस्तो कठिन परिस्थितिमा सरकारको राहत तथा उद्धार प्रयासमा निजी क्षेत्रले पनि आफ्नो जिम्मेवारी पूरा गर्नुपर्छ भन्ने विश्वासका साथ हामीले सहयोग गर्ने निर्णय गरेका हौं,' उप्रेतीले भने, 'हाम्रो सानो सहयोगले प्रभावित परिवारहरूको राहत तथा पुनर्स्थापनामा केही योगदान पुग्ने विश्वास लिएका छौं ।'

# जिएमई कोरियाद्वारा २ करोड कोरियन वन सहयोग

**काठमाडौं/मस-** भोटेकोशी बाढीप्रभावितका लागि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा ग्लोबल मनी एक्सप्रेस (जिएमई)ले २ करोड कोरियन वन (नेपाली २२ लाख बढी) सहयोग रकम प्रदान गरेको हो ।

बाढीपश्चात् नागरिकको उद्धार, खोज तथा पुनर्स्थापनाका लागि जिएमई कोरियाले उक्त रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरेको उल्लेख गरेको छ ।

यो कठिन घडीमा प्रभावित नागरिकको साथमा उभिँदै जिएमई कोरियाले सहयोग प्रदान गरेको हो । यो सहयोगले प्रभावित परिवारलाई पुनर्स्थापना गर्न, तत्काल राहत पुर्याउन, र स्थानीय समुदायको पुनर्निर्माणमा भइरहेका अन्य प्रयासलाई थप बल पुर्याउन मद्दत पुग्ने आशा गरेको छ ।

# जनकपुरदेखि अयोध्यासम्म रेल सेवा तयारी



**जनकपुरधाम/मस-** जनकपुरधामदेखि भारतको अयोध्यासम्म विशेष रेल सेवा सञ्चालनका विषयमा नेपाल र भारतबीच छलफल भएको छ । नेपाल र भारतका रेल्वे कम्पनी, भन्सार तथा सुरक्षा अधिकारीबीच यस विषयमा बिहीबार पहिलो चरणको छलफल भएको नेपाल रेल्वे कम्पनीका प्रबन्ध सञ्चालक परिवेश पराजुलीले जानकारी दिए ।

उनका अनुसार, भारतको जयनगरस्थित रेल्वे स्टेसनको विश्रामगृहमा भएको बैठकमा रेल सेवा सञ्चालन गर्न आवश्यक पूर्वतयारीका विषयमा छलफल भएको थियो । उनीहरूबीच रेल लिंक, सिग्नलिङ प्रणाली, अध्यागमन, भन्सार चेकपोस्ट, यात्रु सुविधा र सुरक्षा व्यवस्थापनलगायत विषयमा छलफल भएको थियो । नेपालतर्फ नेपाली सुरक्षा निकाय तथा भारततर्फ भारतीय सुरक्षा निकायले यात्रु र रेल सुरक्षाको जिम्मेवारी लिने विषयमा उनीहरूबीच सैद्धान्तिक सहमति भएको छ । बैठकमा नेपाल र भारतका रेल्वे सेवा, सुरक्षा, भन्सार तथा अध्यागमनका अधिकारीको सहभागिता रहेको प्रबन्ध सञ्चालक पराजुलीले जानकारी दिए ।

बैठकपछि दुवै देशका अधिकारीले जयनगर-जनकपुरधाम-कुर्था रेलखण्डको स्थलगत निरीक्षण जनकपुरधाम र अयोध्याबीच रेल सेवा सञ्चालनमा आएपछि दुई देशबीचको धार्मिक तथा सांस्कृतिक सम्बन्ध थप प्रगाढ हुने तथा धार्मिक पर्यटन प्रवर्धनमा महत्त्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ । नेपालकी विभूति सीताको जन्मभूमि जनकपुरधाम र भगवान् रामको नगरी अयोध्यालाई प्रत्यक्ष रेल सेवामार्फत जोडिएपछि रामायण सर्किटअन्तर्गत तीर्थयात्री तथा धार्मिक पर्यटकको आवागमन थप सहज हुने विश्वास गरिएको छ । रेल सेवा सञ्चालनपछि नेपाल र भारतका धार्मिक तथा सांस्कृतिक गन्तव्यबीचको पर्यटन प्रवर्धनसँगै स्थानीयस्तरमा आर्थिक गतिविधि बढाउनसमेत सहयोग पुग्नेछ ।

# मारुती सिमेन्ट्सद्वारा १ करोड ११ लाख सहयोग



**काठमाडौं/मस-** मारुती सिमेन्ट्सले भोटेकोशी बाढीबाट प्रभावितका लागि प्रधानमन्त्री राहत कोषमा १ करोड ११ लाख रुपैयाँ सहयोग गरेको छ ।

उक्त सहयोग रकमको चेक मारुती सिमेन्ट्सका सञ्चालक नन्दकिशोर राठी, मनोजकुमार गोयल, शरद गोयल र कम्पनीका प्रमुख कार्यकारी अधिकृत आनन्द नेपालले माननीय अर्थमन्त्री डा.स्वर्णिम वाग्लेलाई हस्तान्तरण गरे । कम्पनीले विपद् तथा कठिन परिस्थितिमा प्रभावित नागरिकलाई राहत तथा सहयोग पुर्याउने उद्देश्यले प्रधानमन्त्री राहत कोषमा उक्त रकम प्रदान गरेको जनाएको छ ।

मारुती सिमेन्ट्सले आगामी दिनमा पनि सामाजिक उत्तरदायित्वअन्तर्गत देश तथा समाजको हितमा आवश्यक सहयोग र योगदानलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरेको छ ।

# रिद्धी सिद्धि र सौर्य सिमेन्टद्वारा १ करोड १ लाख सहयोग



**काठमाडौं/मस-** रिद्धी सिद्धि र सौर्य सिमेन्ट परिवारले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा १ करोड १ लाख रुपैयाँ सहयोग गरेको छ । जसमा रिद्धी सिद्धि सिमेन्टले ५१ लाख र सौर्य सिमेन्टले ५० लाख गरी कुल १ करोड १ लाख सहयोग गरेको हो ।

रिद्धि सिद्धि सिमेन्टका अध्यक्ष शोभाकार न्यौपानेले अर्थमन्त्री स्वर्णिम वाग्लेलाई रिद्धि सिद्धि र सौर्य सिमेन्ट परिवारका तर्फबाट १ करोड १ लाख रुपैयाँको चेक हस्तान्तरण गरे ।

बाढीमा परेर ज्यान गुमाउने सम्पूर्ण नागरिकप्रति रिद्धी सिद्धि र सौर्य सिमेन्ट परिवारले हार्दिक श्रद्धाञ्जली व्यक्त गरेको छ ।

शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दै विपद्को यो कठिन समयमा रिद्धि सिद्धि र सौर्य सिमेन्ट परिवार प्रभावित नागरिक र सरकारको साथमा रहेको जनाएको छ ।




प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: भगवतीबहाल, नक्साल, काठमाडौं, फोन: ०१-५३२६३६६, ०१-५३२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, प्रधानसम्पादक: **मदनकुमार श्रेष्ठ** सम्पादक: **जनक नेपाल**